बाइबलका
शिक्षाहरुको
श्रेणी



याकूबको
पुस्तकमा
आधारित
एउटा स्व
अध्ययन
पाठयक्रम

# एउटा जीवित विश्वास

# एउटा जीवित विश्वास

याकूबको पुस्तकमा आधारित
एउटा स्व
अध्ययन पाठयक्रम

Multi-Language Productions
Bringing the Word to the World

मूलपाठ सेवकहरुको संस्थागत समितिको आज्ञाले विस्कान्सिन इभान्जिलिकल लूथरन सिनेडको बिषेश सेवकाईको लागि उत्पादन गरिएको हो ।

कपिराईट © २००३

विस्कान्सिन इभान्जिलिकल लूथरन सिनेडको बहूभाषा प्रकाशन द्वारा मूलपाठ अनूकरण ।

२०११ मा छापिएको ।

रङ्गिन तथा सादा कार्य ग्लेन मार्यसको कार्य हो । ग्लेन मार्यसको दृष्टान्तहरुको अधिकार नर्थ वेर्ष्टन पब्लिसिङ्ग हाउसले सूरक्षित राखेको छ ।

बचनको अंशहरु नेपाली पवित्र बाइबल न्यू रिभाइज्ड भर्सन बाट लिइएको हो ।

कपिराईट © १९९७,२००९नेपाल बाइबल सोसायटीको अनुमतीले प्रयोग गरिएको हो ।

पूस्तक १४

# विषय सूची


प्रारम्भमा.............................................१

याकूबको पुस्तक.............................................३

अध्याय १:
विश्वास के हो ? ........................................११

अध्याय २:
पापको विरुद्धमा हामी कसरी यूद्ध गर्न सक्छौ.......२३

अध्याय ३:
आफ्नो जिब्रो समाल्नु.....................................३७

अध्याय ४:
सर्वप्रथम अरुको बारेमा सोच्नु..........................४९

अध्याय ५:
र तब त्यहाँ परमेश्वर हुनुहुन्छ..........................६३

शब्दवाली................................................८१

अध्यायको जाँच..........................................८५

अन्तिम जाँच.............................................८७

# प्रारम्भमा

यस पुस्तकले तपाई एउटा ईसाइ भईसके पछि कसरी जीवन जिउनु पर्छ भन्ने बारेमा भन्दछ । यो याकूब नाम गरेका व्यक्तिद्वारा लेखिएको बाइबलमा नयाँ नियमको पुस्तकमा आधारित छ । उनको सल्लाह र शिक्षाहरु सदासर्वदाको लागि छन । उनका शब्दहरु लगभग दुइ हजार वर्ष पहिले जति बेला ती लेखिए, आज सम्म पनि त्यतिकै सहयोगी छन । प्रत्येक अध्याय सानो ताराले (*) ले संकेत गरेका उद्देश्यहरुको सूची बाट शूरु हुन्छ । यी उद्देश्यहरुले तपाई त्यो अध्यायमा के सिक्दै हुनुहुन्छ भन्ने बारे बताउने छन । तब तपाईले केही हरफ पढनुहुनेछ र प्रश्नहरुको उत्तर दिनुहुनेछ । अध्यायको अन्तमा एउटा जाँच छ । जाँचका प्रश्नहरु तपाईले अध्ययन गरेका अध्यायबाट दिइएका छन् र तपाईले पूरा गरेका प्रश्नहरुबाट समावेश गरिएका छन् ।

जब तपाई प्रश्नहरुको उत्तर दिईसक्नुहुन्छ, तपाईलाई पेज नं. दिइने छ । जहाँ तपाई आफ्ना प्रश्नहरुको उत्तर जाँच्न सक्नुहुन्छ । तपाईले ती पेजहरु हेर्नुभयो भने त्यस पेजको सबभन्दा मुनी उत्तरहरु पाउनुहुनेछ । आफ्ना उत्तरहरु होशियारी साथ जाँच्नुहोस् र तपाईले केही तृटि गर्नुभएको छ भने सच्याउनुहोस् । अर्को अध्याय शूरु गर्नु भन्दा अघि सबै प्रश्नहरुको उत्तर जानी राख्न निश्चित हुनुहोस् ।

यस पुस्तकको अन्तमा एउटा अन्तिम जाँच छ । यो जाँच पूरा गर्नु भन्दा पहिले अध्यायका जाँचहरु एकपटक दोहऱ्याउनुहोस् । जब तपाई अन्तिम जाँच पूरा गर्नुहुन्छ, तपाई यो पुस्तक तपाईलाई दिने व्यक्तिलाई त्यो जाँचको पेजहरु दिन सक्नुहुन्छ वा यस पुस्तकको पछाडि दिइएको ठेगानामा पठाउन सक्नुहुन्छ । परमेश्वरले तपाईलाई कसरी एउटा ईसाइ भइन्छ भन्ने बारेमा र कसरी विचार गर्ने, कसरी कुराकानी गर्ने र कसरी कार्य गर्ने बारेमा अझै बढी सिक्नलाई सहायता गरुन: ।



येशूले रोमी कप्तानको विश्वासको बारेमा भन्नुभयो ।

# याकूबको पुस्तक

**१** परमेश्वर र प्रभु येशू ख्रीष्टको सेवक म याकूबबाट:
ठाउँ-ठाउँमा छरपष्ट भएका बाह्र कुललाई, अभिवादन ।

### कष्ट र परीक्षाहरु

२ मेरा भाइ हो, तिमीहरु माथि विभिन्न किसिमका आपत-
विपत आइपर्दा पूरा आनन्दको कुरा सम्झ । ३ किनकि
तिमीहरु जान्दछौ, तिमीहरुका विश्वासको जाँचले धैर्य
उत्पन्न गराउँछ । ४ धैर्यलाई त्यसको पूरा काम गर्न
देओ, ताकि तिमीहरुमा कुनै कुराको अभाव नभएर तिमीहरु
परिपक्व र पूर्ण होओ । ५ तर यदि तिमीहरु मध्ये
कसैलाई बुद्धिको अभाव छ भने उदार-चितसँग नझर्की
दिनुहुने परमेश्वरलाई त्यसले मागोस् र त्यसलाई त्यो
दिईनेछ । ६ तर त्यसले कति पनि शंका नगरी विश्वास
साथ मागोस् । शंका गर्ने चाहिँ बतासले उचाल्दै पछार्दै
गर्ने समुन्द्रका छाल समान हुनेछ । ७ त्यस्तो मानिसले यो
नसम्झोस् कि उसले प्रभुबाट केही पाउनेछ । ८ किनकि

दोहरो मन भएको मानिस उसका सबै चाल चलनमा
अस्थिर हुन्छ । ९ दीन अवस्थाको भाइले आफ्नो उच्च
अवस्थामा गर्व गरोस् १० र धनीले चाहिँ आफ्नो दीन
अवस्थामा गर्व गरोस् किनकि मानिस घाँसको फूल जस्तै
ओइलिजानेछ । ११ किनभने डढाउने गर्मीसँग सूर्य उदाउँछ,
र घाँसलाई ओइलाइ दिन्छ । फूल झर्छ र त्यसको शोभा
नष्ट हुन्छ । त्यसरी नै धनी मानिस पनि आफ्नै काम
धन्दामा नष्ट भएर जान्छ । १२ त्यो मानिस धन्यको हो,
जो आपत-विपतमा स्थिर रहन्छ, किनकि जाँचको सामना
गरिसके पछि त्यसले जीवनको त्यो मुकुट पाउनेछ, जो
परमेश्वरले उहाँलाई प्रेम गर्नेहरुलाई दिने प्रतिज्ञा गर्नु
भएको छ । १३ परीक्षा हुँदा कसैले पनि यसो नभनोस्,
“परमेश्वरद्वारा मेरो परीक्षा भएको हो ।” किनकि कुनै
खराब कुराबाट परमेश्वरको परीक्षा हुन सक्दैन, र उहाँ
आफैले पनि कुनै मानिसको परीक्षा गर्नु हुन्न । १४ तर
हरेक मानिस आफ्नै खराब इच्छाद्वारा लोभिएर परीक्षामा
पर्दछ ।
१५ तब खराब इच्छाले गर्भ धारण गरे पछि त्यसले पाप
जमाउँछ । अनि पाप पूरै बढे पछि त्यसले मृत्यु ल्याउँछ
। १६ मेरा त्यारा भाइ हो, धोखामा नपर । १७ हरेक
असल दान र हरेक सिद्ध वरदान स्वर्गबाट हो, यो वरदान
ज्योतिका पिताबाट आउँछ । बदली रहने छाया जस्तो
उहाँमा कुनै हेरफेर हुँदैन । १८ उहाँले आफ्नै इच्छाले
सत्यको वचनद्वारा हामीलाई जन्म दिनुभयो, यस हेतुले कि
हामी उहाँको सृष्टिको अगौटे फल जस्तो बन्न सकौ ।

## सुन्नु र गर्नु

१९ मेरा प्रिय भाइहरु, यो कुरा जान: प्रत्येक मानिस
सुन्नमा छिटो, बोल्नमा ढीलो र रिसाउनमा धीमा हुनु पर्छ
। २० किनकि मानिसको रीसले परमेश्वरको धार्मिकता

ल्याउँदैन । [२१] यसैकारण सबै फोहर कुरा र समस्त
दृष्टतालाई हटाउने, र तिमीहरुका हृदयमा रोपिराखेको
वचन नम्रता पूर्वक धारण गर जसले तिमीहरुका प्राणलाई
उद्धार गर्न सक्छ । [२२] तर वचन पालन गर्ने होओ, र
सुन्ने मात्र भएर आफैलाई धोखा नदेओ । [२३] कुनै
मानिसले वचन सुन्छ तर पालन गर्दैन भने, त्यो एउटा
यस्तो मानिस जस्तो हुन्छ, जसले आफ्नो अनुहार ऐनामा
हेर्छ । [२४] किनकि त्यसले आफैलाई हेर्छ र गइहाल्छ, र
त्यो आफै कस्तो थियो, त्यो तुरुन्तै बिर्सिहाल्छ । [२५] तर
त्यो मानिस जसले स्वतन्त्रता दिने शुद्ध व्यवस्थालाई हेर्दछ
र त्यसैमा लागिरहन्छ, अनि सुनेर बिर्सिहाल्ने होइन तर
काम गर्ने पनि हुन्छ, त्यसले चाहिँ आफूले गरेको काममा
आशिष पाउनेछ । [२६] यदि कोही मानिसले आफूलाई धर्मी
सम्झन्छ, र आफ्नो जिब्रोमा लगाम लाउँदैन, तर आफ्नो
हृदयलाई धोखा दिन्छ भनेता त्यस मानिसको धर्म व्यर्थ
हुन्छ । [२७] परमेश्वर पिताको अगाडि शुद्ध र पवित्र धर्म
यही हो : अनाथ र विधवाहरुलाई तिनीहरुको कष्टमा
हेरचाहा र आफूलाई संसारबाट निष्कलंक राख्नु ।

## २ निष्पक्ष व्यवहार

[१] मेरा भाइ हो, प्रभु येशू ख्रीष्ट, महिमाका प्रभुमाथि
तिमीहरुको विश्वास भएको हुनाले तिमीहरु कुनै भेदभाव
नदेखाओ । [२] यदि कोही मानिस सुनका औंठीहरु र राम्रा-
राम्रा लुगा लगाएर तिमीहरुको सभामा आयो, र कुनै
एउटा गरीब पनि झुत्रे-झाम्रे लुगा लगाएर आयो भने, [३]
तिमीहरुले त्यो राम्रो लुगा लाउनेलाई आदर गरेर, “यहाँ
राम्रो ठाउँमा बस्नुहोस्” भन्छौ, र त्यस गरीबलाई चाहिँ,
“तँ त्यही उभि” अथवा “मेरा पाउनेर बस्” भन्छौ भने, [४]
के तिमीहरुले आफ्नै बीचमा भेदभाव देखाएनौ, र कुविचार

भएका न्यायकर्ता भएनौ र ? ५ मेरा प्रियहरु, सुन, के
परमेश्वरले संसारका गरीबहरुलाई विश्वासमा धनी तुल्याएर
त्यस राज्यका उत्तराधिकारी हुनलाई चुन्नुभएन र ? यही
राज्य उहाँलाई प्रेम गर्नेहरुलाई उहाँले दिने प्रतिज्ञा
गर्नुभएको होइन र ? ६ तर तिमीहरुले त गरीब मानिसको
अपमान गरेका छौ । के धनीहरुले तिमीहरुलाई अत्याचार
गर्दैनन् र ? के तिनीहरुले तिमीहरुलाई अदालतमा लाँदैनन्
र ? ७ के तिनीहरुले त्यही आदरणीय नाउँको अपवाद
गर्दैनन् र, जुन नाउँद्वारा तिमीहरुलाई बोलावट भएको छ
? ८ यदि "आफ्ना छिमेकीलाई आफूलाई झैं प्रेम गर"
भन्ने पवित्र धर्मशास्त्रको राजकीय व्यवस्थालाई साँच्चै पूरा
गर्दछौ भनेता असलै गर्दछौ । ९ यदि तिमीहरुले भेदभाव
देखायौ भनेता तिमीहरु पाप गर्दछौ, र व्यवस्थाद्वारा
अपराधी ठहरिन्छौ । १० किनकि जसले सम्पूर्ण व्यवस्था
पालन गर्छ तर एउटै कुरामा चुक्छ भने, व्यवस्थाका सबै
कुरामा त्यो दोषी ठहरिएको हुन्छ । ११ किनकि जसले
"व्यभिचार नगर्" भन्नुभयो, उहाँले "हत्या नगर्" पनि
भन्नुभयो । तसर्थ यदि तिमीले व्यभिचार गर्दैनौ तर हत्या
गर्दछौ भने, तिमी व्यवस्थाका अपराधी भएका छौ । १२
यसकारण तिमीहरुको बोली र व्यवहार स्वतन्त्रताको
व्यवस्थाबमोजिम न्याय पाउनेहरुका जस्तै होस् । १३ किनकि
जुन मानिसले कृपा गरेको छैन, त्यसको न्याय कृपा विना
नै हुन्छ । कृपा न्यायमाथि विजयी हुन्छ ।

## विश्वास र काम

१४ मेरा भाइ हो, यदि कोही मानिसले "मसित विश्वास
छ" भन्छ, तर काम चाहिँ गर्दैन भने, यसबाट के लाभ ?
के त्यसको विश्वासले त्यसलाई बचाउन सक्छ र ? १५
यदि कोही भाइ वा बहिनी झुत्रे-झुम्रे छ, १६ र
तिमीहरुमध्ये कसैले त्यसलाई, "शान्तिसँग जाऊ, न्यानो

गरी बस पेटभरि खाउ” मात्र भन्छ, तर त्यसको
शरीरलाई चाहिने कुरा चाहिँ दिँदैन भने, त्यसबाट के
लाभ हुन्छ र ? १७ यसरी विश्वास पनि काममा प्रकट
हुँदैन भने त्यो विश्वास मृत हो । १८ तर कसैले भन्ला,
“तिमीसित विश्वास छ, मेरा चाहिँ कामहरु छन ।” काम
विनाको तिम्रो विश्वास मलाई देखाऊ र मैले गरेको
कामद्वारा म आफ्नो विश्वास तिमीलाई देखाउनेछु । १९
तिमीहरु विश्वास गर्दछौ कि परमेश्वर एउटै हुनुहुन्छ ।
त्यो असल हो भूतात्माहरु पनि विश्वास गर्छन, र थरथर
काम्छन । २० मूर्ख हो, कामविनाको विश्वास व्यर्थ हुन्छ
भन्ने कुराको प्रमाण चाहन्छौ ? २१ जब हाम्रा पुर्खा
अब्राहामले आफ्नो छोरो इसहाकलाई वेदीमा अर्पण गरे,
तब तिनी कामद्वारा नै धर्मी ठहरिएनन् र ? २२ तिमी
देख्तछौ, कि तिनका कामहरु सँगसँगै विश्वास क्रियाशिल
थियो, र कामद्वारा नै विश्वास पूर्ण भएको थियो । २३
पवित्र धर्म-शास्त्रको यसो भन्ने वचन पूरा भयो,
“अब्राहामले परमेश्वरमा विश्वास गरे, र यो उनको निम्ति
धार्मिकता गनियो उनी परमेश्वरका मित्र कहलिए । २४
तिमीहरु देख्तछौ कि कामद्वारा मानिस धर्मी ठहरिँदोरहेछ,
विश्वासद्वारा मात्र होइन । २५ त्यसै गरी राहाब वेश्याले
पनि, जब तिनले गुप्तचरहरुलाई सत्कार गरेर अर्कै बाटो
पठाईदिइन, तब कामहरुबाट तिनी धर्मी ठहरिएकी होइनन्
र ? २६ जसरी शरीर आत्मादेखि अलग हुँदा मरेको हुन्छ,
त्यसै गरी विश्वास पनि कामहरु देखि अलग हुँदा मरेको
हुन्छ ।

## ३ जिब्रोलाई वशमा पार्नु

१ भाइ हो, तिमीहरुमध्ये धेरैजना शिक्षक नहोओ । किनकि
तिमीहरु जान्दछौ, हामी शिक्षा दिनेहरुको न्याय अझ कठोर

रुपले हुनेछ । किनकि हामी सबै धेरै भूल गर्दछौ । जुन
मानिसले आफूले बोल्ने कुरामा भूल गर्दैन, त्यसले आफ्ना
सारा शरीरमा पनि लगाम लगाउन सक्छ, र त्यो सिद्ध
मानिस हुन्छ ।
३ यदि घोडाहरुलाई वशमा राख्नलाई तिनीहरुका मुखमा
लगाम लगायौ भने तिनीहरुका सारा शरीरलाई जता मन
पऱ्यो त्यतै लान सक्छौ । ४ हेर, त जहाजहरु जो तेज
हावाले चल्दछन्, ती ठूला-ठूला भए तापनि एउटा सानो
पतवारद्वारा कर्णधारले आफ्नो इच्छा अनुसार जता मन
पऱ्यो त्यतै लान्छ । ५ त्यस्तै जिब्रो पनि एउटा सानो अंग
भएर ठूला-ठूला कुराको अभिमान गर्दछ । हेर, एउटा
सानो आगोको झिल्काले ठूलो बन पनि स्वाहा पार्दछ । ६
जिब्रो पनि एउटा आगो नै हो । यो शरीरका अंगहरु
मध्ये अधर्मको एउटा दुनिया नै हो । यसले सारा
शरीरलाई दूषित पार्दछ र जीवनको सारा क्रममा नै आगो
सल्काई दिन्छ र नरकको आगोमा त्यो जल्छ । ७ हरेक
किसिमका पशुपक्षी, घस्रने जन्तु र समुद्रका जीवजन्तुलाई
तह लगाउन सकिन्छ, र मानिस जातिबाट नै तह
लगाएको छ । ८ तर जिब्रोलाई कुनै मानिसले तह लाउन
सक्दैन । घातक विषले भरिएको यो चञ्चल दुष्ट हो । ९
यसद्वारा हामी प्रभु र पिताको प्रशंसा गर्दछौ, र यसैद्वारा
परमेश्वरको स्वरुपमा बनेका मानिसहरुलाई हामी सराप्तछौ
। १० एउटै मुखबाट आशिर्वाद र सराप निस्कछन् । मेरा
भाइ हो, यसो नहुनु पर्ने हो । ११ के पानीको मूलको
एउटै धाराबाट मीठो र तीतो पानी निस्कन्छ र ? १२
मेरा भाइ हो, के अञ्जीरको बोटमा जैतुन अथवा दाखको
बोटमा अञ्जीर फल्न सक्छ र ? तीतो पानीको मूलबाट
पनि मीठो पानी निस्कन सक्दैन ।

## दुइ किसिमका बुद्धि

१३ तिमीहरुमध्ये बुद्धिमान् र ज्ञानी को छ ? आफ्नो असल
जीवनद्वारा बुद्धिको नम्रतामा त्यसले आफ्ना असल कामहरु
देखाओस् । १४ तर पछि तिमीहरुका हृदयमा कटु ईर्ष्या र
स्वार्थी अभिलाषा छन् भने यी कुरामा अभिमान नगर, र
सत्यलाई झूटा नबनाओ । १५ यो बुद्धि स्वर्गबाट आउने
बुद्धि होइन । तर यो त सांसरिक, अनात्मिक र शैतानिक
हो । १६ किनकि जहाँ डाह र स्वार्थपूर्ण अभिलाषा हुन्छ,
त्यहाँ भाँडभैलो र हरेक किसिमको भ्रष्ट काम हुन्छ । १७
तर जुन बुद्धि स्वर्गबाट आउँछ त्यो पहिले शुद्ध हुन्छ, तब
त्यो शान्तिप्रिय, कोमल, विचारशील, कृपापूर्ण र असल
फलले भरिएको, पक्षपात रहित र कपटरहित हुन्छ । १८
शान्ति कायम राख्नेहरुले शान्तिमा छर्छन, र तिनीहरुले
धार्मिकताको फसल बटुल्छन् ।

## ४ परमेश्वरको समर्पण

१ तिमीहरुका बीचमा लडाई र झगडाहरु कुन कुराले
ल्याउँछ ? के यी सब तिम्रो शरीरका अंगहरुमा संघर्ष
गर्ने अभिलाषाहरुबाट आएका होइनन् र ? २ तिमीहरु
इच्छा त गर्दछौ, तर तिमीहरु पाउँदैनौ । तिमीहरु हत्या
गर्दछौ, र लोभ गर्छौ, तर पाउन सक्दैनौ । तिमीहरु
झगडा गर्दछौ र लडाई गर्छौ । तिमीहरुसित हुँदैन,
किनभने तिमीहरु परमेश्वरसँग माग्दैनौ । ३ तिमीहरु माग्छौ
तर पाउँदैनौ, किनकि आफ्ना अभिलाषा पूरा गर्नलाई
बेठीक सित माग्छौ । ४ व्यभिचारी मानिस हो,
संसारसँगको मित्रता परमेश्वरसँगको शत्रुता हो भन्ने कुरा
के तिमीहरुलाई थाहा छैन ? यसकारण जो संसारसँग मित्र
हुन चाहन्छ त्यसले आफैलाई परमेश्वरको शत्रु बनाउँछ ।
५ के तिमीहरु यो सम्झन्छौ, कि पवित्र-धर्मशास्त्रले व्यर्थमा

यसो भन्दछ, हामीमा परमेश्वरले राख्नुभएका आत्माको
निम्ति उहाँ तीब्र डाह राख्नुहुन्छ, ६ तर उहाँले अझ बढी
अनुग्रह दिनुहुन्छ ? यसैकारण पवित्र-धर्मशास्त्र यसो भन्दछ,
"परमेश्वरले अभिमानीहरुको विरोध गर्नुहुन्छ, तर नम्रहरुलाई
अनुग्रह गर्नुहुन्छ ।" ७ यसकारण आफैलाई परमेश्वरको
अधीनमा राख । दियाबलसको विरोध गर, र त्यो
तिमीहरुबाट भाग्नेछ । ८ परमेश्वरको नजीक आओ, र
उहाँ तिमीहरुका नजीक आउनुहुनेछ । पापी हो !
तिमीहरुका हात चोखा पार । दोमनका मानिस हो !
तिमीहरुका हृदय शुद्ध पार । ९ दुःखी होओ, शोक गर, र
रोओ । तिमीहरुको हाँसो शोकमा, र तिमीहरुको आनन्द
खिन्नतामा परिणत होस् । १० प्रभुको सामने आफूलाई
विनम्र तुल्याओ, र उहाँले तिमीहरुलाई उच्च पार्नुहुनेछ ।
११ भाइ हो, एउटाले अर्काको विरुद्धमा खराब कुरा नगर ।
जसले आफ्नो भाइको विरुद्धमा खराब बोल्छ, अथवा
आफ्नो भाइलाई दोष लाउँछ, त्यो व्यवस्थाको विरुद्धमा
बोल्छ, र त्यसले व्यवस्थाको दोष देखाउँछ । तर यदि
तिमीले व्यवस्थाको दोष देखाउँछौ भने त तिमी व्यवस्था
बमोजिम चल्ने भएनौ, तर व्यवस्थाको न्यायकर्ता पो भयौ
। १२ व्यवस्था दिने र न्यायकर्ता त एउटै हुनुहुन्छ, जसले
बचाउन र नाश गर्न पनि सक्नुहुन्छ । तर आफ्नो
छिमेकीलाई दोष लाउने तिमीहरु को हौ ? १३ "आज वा
भोली हामी फलानो शहरमा जाऔला, त्यहाँ एक वर्ष
बिताऔला र व्यापार गरेर नाफा गरौला" १४ भन्नेहरु
अब सुन, भोलि के हुने हो तिमीहरु जान्दैनौ । तिम्रो
जिन्दगी के छ ? तिमीहरु त तुवाँलो हो, अनि हराइहाल्छ
। १५ यसको सट्टामा त तिमीहरुले यसो भन्नुपर्ने, "यदि
परमेश्वरको इच्छा भयो भने हामी बाँचौला र यस्तो-उस्तो
गरौंला ।" १६ तर अहिले तिमीहरु आ-आफ्ना शेखीमा
धाक लाउँछौ । यस्तो सबै शेखी खराब हो । १७

यसकारण जसले भलाइ गर्न जानेर पनि गर्दैन त्यसले पाप गर्छ ।

## ५ धनीहरुलाई चेताउनी

धनी मानिस हो ! सुन तिमीहरुमाथि आइपर्ने कष्टहरुका
निम्ति रोओ र विलाप गर । २ तिमीहरुको धन सडेको
छ, र तिमीहरुका पोशाकहरु कीराले खाएका छन् । ३
तिमीहरुका सुन चाँदीमा कस लागेको छ, र त्यही कस
तिमीहरुका विरुद्धमा साक्षी हुनेछ र आगोले जस्तै
तिमीहरुको शरीर खानेछ । तिमीहरुले आखिरी दिनहरुका
निम्ति धन साँचेका छौ । ४ जुन खेतालाहरुले तिमीहरुका
खेतका बाली काटेका छन्, तिमीहरुले धोखाबाजी गरेर
नदिएको तिनीहरुको ज्याला नै कराउँछ, र ती बाली
काटनेहरुको पुकारा सेनाहरुका परमप्रभुका कान सम्मै
पुगेको छ । ५ तिमीहरु यस पृथ्वीका सुख-विलास र
मोजमज्जामा मस्त भएर बसेका छौ । बलिका दिनको
निम्ति तिमीहरुले आफैलाई पुष्टाई राखेका छौ । ६
तिमीहरुको विरोध नगर्ने धर्मात्मालाई दोषी ठहराएर
तिमीहरुले मारेका छौ ।

### कष्टहरुमा धैर्य

७ यसकारण भाइ हो, प्रभुको आगमन नहोउञ्जेल धैर्य
धारण गर । हेर भूमिको बहुमूल्य फसलको आशा राखेर
किसानले अगिल्लो र पछिल्लो वर्षा नहोउञ्जेल धैर्य धारण
गरेर पर्खिन्छ । ८ तिमीहरुले पनि धैर्य धारण गर ।
आफ्नो हृदयलाई स्थिर गराओ, किनकि प्रभुको आगमन
नजीकै छ ।
९ भाइ हो, एउटाले अर्काको विरुद्धमा गनगन नगर, नत्रता
तिमीहरु दोषी ठहरिनेछौ । हेर, न्यायकर्ता ढोकैमा हुनुहुन्छ

। [१०] भाइ हो, कष्ट-भोग र धैर्यको उदाहरण कस्तो हुनुपर्ने
हो, सो प्रभुको नाउँमा बोल्ने अगमवक्ताहरुलाई हेर । [११]
हेर, धैर्य धारण गर्नेहरुलाई हामी धन्यका भन्छौ तिमीहरुले
अय्यूबको स्थिरताको विषयमा सुनेका छौ, र प्रभुको
अभिप्राय देखेका छौ, कि प्रभु कस्तो करुणामय र कृपालु
हुनुहुन्छ ।


**विश्वासको प्रार्थना**

[१३] के तिमीहरुमा कसैले कष्ट भोगिरहेछ ? त्यसले प्रार्थना
गरोस् । के कोही आनन्दित छ ? त्यसले प्रशंसाको भजन
गाओस् । [१४] के तिमीहरुमध्ये कोही बिरामी छ ? त्यसले
मण्डलीका एल्डरहरुलाई बोलाओस् । तिनीहरुले प्रभुको
नाउँमा त्यसलाई तेलले अभिषेक गरेर त्यसको निम्ति
प्रार्थना गरुन्, [१५] र विश्वासको प्रार्थनाले बिरामीलाई
बचाउनेछ, र प्रभुले त्यसलाई निको पार्नुहुनेछ, र यदि
त्यसले पाप गरेको छ भने त्यसलाई क्षमा हुनेछ । [१६]
यसकारण तिमीहरु एउटाले अर्कासँग आ- आफ्ना पाप
स्वीकार गर । तिमीहरु निको हुनलाई एउटाले अर्काको
निम्ति प्रार्थना गर । धार्मिक मानिसको प्रार्थना शक्तिशाली
र प्रभावशाली हुन्छ । [१७] एलिया पनि हामीहरुको जस्तै
स्वभाव भएका मानिस थिए । तिनले पानी नपरोस् भनेर
भक्तिसाथ प्रार्थना गरेका थिए, र तीन वर्ष छ महीनासम्म
पृथ्वीमा पानी परेन । [१८] तिनले फेरि प्रार्थना गरे, र
आकाशबाट वर्षा भयो, र भूमिले उब्जनी दियो । [१९] मेरा
भाइ हो, तिमीहरुमध्ये कोही सत्यबाट बरालिएर जाँदा
कसैले त्यसलाई फिराएर ल्यायो भने, [२०] त्यसले जानोस्
कि जसले एक जना पापीलाई त्यसले कुमार्गबाट फिराएर
ल्याउँछ, त्यसलाई मृत्युबाट बचाउनेछ, र असंख्या पापलाई
ढाक्नेछ ।

## अध्याय एक

# विश्वास के हो ?

सर्वप्रथम, जब तपाई याकूबको पुस्तक पढनु हुन्छ तपाईले ख्याल गर्नु भएको पहिलो कुरा उहाँ प्रचारक जस्तो लाग्दैन । अहिले र पछि सम्म उनले धेरै ठूला शब्दहरु प्रयोग गरेका छन । तर साधारणतया, अर्को ढोकामा भएको व्यक्तिलाई भने जतिकै उनी भनिरहेछन । तपाई ती एकलाई चिन्नुहुन्छ ? त्यो मानिस जसले यो संसारले कसरी कार्य गर्दछ भनि जान्दछ । र अति उत्तम हुनलाई कति थोकहरु हुनु पर्छ भन्ने कुरा थाहा छ ।



येशूले कानानी स्त्रीको विश्वासको बारेमा भन्नुभयो ।

ख्रीष्टियन विश्वासको बारेमा केही कुराको व्याख्या गर्नको लागि यसले याकूबलाई ठीक व्यक्ति बनाउँछ । उनी विश्वासको बारेमा कविता लेख्ने जस्तो देखिन्दैन । उनी जीवन कस्तो हुनुपर्छ भनि व्याख्या गरिरहेका छन । यो अध्यायमा, याकूबले ख्रीष्टियन विश्वासको बारेमा के भनेका छन सो हेर्नेछौ । अध्यायको अन्तमा तपाई योग्यको हुनुहुनेछ :

* तपाईसँग विश्वास छ भनेर केले प्रमाणित गर्छ, भन्न र
* जीवित विश्वास र मृत विश्वासको बीचमा के भिन्नता छ भन्न ।

याकूब को हुन जसले यो पुस्तक लेखे ? यो भन्न गाह्रो छ । यदि तपाईले बाइबलमा येशूको जीवनी कथा पढनुभयो भने, तपाई विचार गर्न सक्नुहुन्छ कि येशूले भेटनु भएको एक जना याकूब नामको व्यक्तिको बारेमा विचार गर्न सक्नुहुन्छ । येशूको एक जना भाइ लगाएत उहाँका दुइ चेलाहरुको नाम याकूब थियो । याकूब मन पराएको नाम हुनु पर्छ । हाम्रो याकूब नयाँ नियमको याकूबको पुस्तको लेखकले केवल भन्छन, “म, याकूब, यो पत्र लेखिरहेको छु । म परमेश्वर र प्रभु येशू ख्रीष्टको सेवक ।” नयाँ नियममा भएको कुन याकूब उहाँ हो ? तपाईको अन्दाज असल हुन सक्छ अन्य कुनै अरु पनि हुन सक्छ । तर जुन सुकै भए पनि उ एउटा मानिस जो सँग मूर्खताको कुराको लागि समय छैन ।

मानिसहरु जब ईसाइ विश्वासमा आउँछन तिनीहरु निश्चय नै हरसमय तमाम मूर्ख कुराहरु गर्छन । याकूबले त्यस्तो विश्वासको बारेमा उनको पुस्तकको दोस्रो अध्यायमा कुरा गर्छन । "मेरा भाइ हो, यदि कोही मानिसले मसित विश्वास छ भन्छ, तर काम चाहिँ गर्दैन भने, यसबाट के लाभ ? के त्यसको विश्वासले त्यसलाई बचाउन सक्छ र ?" (याकूब २:१४)

तपाई महसुस गर्नु हुन्छ कि याकूबले असल ईसाइहरु के कस्ता छन भन्ने बारे धेरै मानिसहरुले कुराकानी गरिरहेका सुनेको छ । मैले भनेका प्रकारका मानिसहरुको बारेमा तपाईले सुन्नु भएको छ ? हरसमय तिनीहरु तिनको "येशू ख्रीष्टसँगको तिनीहरुको सम्बन्ध" बारेमा भनिरहेका हुन्छन । तर तपाई कहिल्यै पनि भन्न सक्नुहुन्न तिनीहरु त्यसप्रकारको व्यवहार गर्ने ईसाइ हुन भनेर । तिनीहरु अरुलाई सराप्दछन र शपथ खुवाउँछन । तिनीहरु हरसमय लोभी र झगडालु हुन्छन । तिनीहरु कसैलाई पनि एउटा राम्रो शब्द भन्न सक्दैनन् र यद्यपि तिनीहरुसँग प्रशस्त भए पनि कसैलाई पनि कुनै कुरा बाँडचूड गर्दैनन् ।

यस्तो किसिमको विश्वासले कसैलाई पनि बचाउन सक्छ भनेर याकूब सोच्दैनन् । उनी यो एउटा वास्तविक जीवित विश्वास हो भनेर सोच्दैन, यसको अर्थ के हो देखाउन एउटा उदाहरण दिन्छन । "यदि कोही भाइ बहिनी झुत्रे-झाम्रे छ, र त्यसलाई दिँनहुको भोजनको अपुग छ, र तिमीहरु मध्ये कसैले त्यसलाई,

"शान्तिसँग जाऊ, न्यानो गरी बस, पेटभरि खाऊ" मात्र भन्छ, तर त्यसको शरीरलाई चाहिने कुराहरु चाहिँ दिँदैन भने, त्यसबाट के लाभ हुन्छ र ? यसरी विश्वास पनि काममा प्रकट हुँदैन भने त्यो विश्वास मृत हो ।" (याकूब २:१५-१७)

यदि अर्को शब्दमा, यदि तपाई हरेकलाई तपाईसँग विश्वास छ भन्दै हुनुहुन्छ भने यसलाई प्रमाणित गर्नुहोस् ! हामी जे गर्छौं त्यसले शब्दहरु भन्दा जोर सँग बोल्छ । यदि माथि उदाहरणमा भनेको व्यक्तिले अर्को व्यक्तिलाई वास्तवमा न्यानो गरी बस र पेटभरि खाउ भनि चाहेको भए, उसले उसलाई आफ्नो कपडा र उसलाई केही खाने कुरा दिनु पर्थ्यो !

खाली शब्दहरु भनेर "न्यानो होउ" भनेर उ त्यहाँबाट हिड्यो भने एक कुरालाई मात्र प्रमाणित गर्छ कि भन्ने व्यक्तिलाई यसको केही मतलव छैन ।

ज्यादा, तपाई देख्नुहुन्छ, विश्वास, तपाईले भनेको शब्दहरु भन्दा बढी छ । यो तपाईले हृदयमा विश्वास गरेको भन्दा ज्यादा हो । यदि तपाईको विश्वास मुखको मात्र हो भने यसले केही पनि गर्दैन । वास्तविक जीवित ईसाइ विश्वासले हामीलाई असल कुरा गर्ने बनाउनेछ, खाली विश्वासको बारेमा कुरा मात्र गर्ने होइन । "तिमीसित विश्वास छ, मेरा चाहिँ कामहरु छन । काम विनाको तिम्रो विश्वास मलाई देखाऊ, र मैले गरेको कामद्वारा म आफ्नो विश्वास तिमीलाई देखाउनेछु ।" (याकूब २:१८)



येशूले अपाङ्गलाई निको पार्नुभयो ।

१. याकूब भन्छन कुनै असल कुरा नगरिकनै तिमीसित ..............छ भन्नुले असल गर्दैन ।

२. यदि तपाईलाई यसले असल कार्य गर्ने बनाउदैन भने विश्वास आफैमा............छ ।

३.कार्य...............भन्दा ज्यादा जोरले बोल्छ ।

४.एउटा ईसाइले आफूले गरेको............कार्यद्वारा आफ्नो विश्वास देखाउँछ ।

(पेज नं. २२ मा आफ्नो उत्तरहरु जाँच्नुहोस् ।)

विश्वास बाइबलमा येशूको कथा जान्नु मात्र भन्दा पनि बढी हो । खीष्टको जीवनको बारेमा सबै प्रश्नको उत्तर दिन योग्य हुनु पनि बचाउने विश्वास जस्तै होइन । याकूबसँग ती मानिसहरुको निम्ति नम्रताको एउटा चाख लाग्दो तरिका छ जुनहरु यसप्रकारको "विश्वासको" घमण्ड गर्छन । उनी भन्छन, "तिमीहरु विश्वास गर्दछौ कि परमेश्वर एउटै हुनुहुन्छ । त्यो असल हो । भूतात्माहरु पनि विश्वास गर्छन् र थरथर काम्छन याकूब २:१९ । बाइबलमा के छ त्यो थाहा पाउनु विश्वास होइन । शैतानले बाइबलमा के छ जान्दछ, तर यसले तिनीहरुका निम्ति केही असल कुरा गर्दैन । वास्तविक जीवित विश्वासले येशूको बारेमा मात्र थाहा पाउदैन, तर यसले तपाईलाई एउटा ईसाइले गर्नु पर्ने कार्य गर्न लगाउँछ । "जसरी शरीर आत्मादेखि अलग हुँदा मरेको हुन्छ, त्यसै गरी विश्वास पनि कामहरु देखि अलग हुँदा मरेको हुन्छ (याकूब २:२६) । यही कुरा तपाईलाई याकूबले सिकाईरहेका छन यदि तपाई भन्नु

हुन्छ तपाई एउटा ईसाइ हो, त्यो असल हो । हामी सबै भन्नलाई योग्य होउँला अथवा नहोउँला तपाईको जीवन जिउने तरिका द्वारा यसको अर्थ हुन्छ । यदि तपाई सधै असल थोक गर्ने कोशिस गरिरहनु हुन्छ, तब हामी तपाईलाई विश्वास गरौला । यदि होइन भने तब हामी राम्ररी थाहा पाउँछौ । जब तपाई भन्नु हुन्छ तपाई एउटा ईसाइ हुनुहुन्छ तर तपाई असल थोक गर्ने कोशिस गरिरहनु भएको छैन, तपाई आफैलाई मूर्ख बनिरहनु भएको छ ।

५. बाइबलमा येशूको कथा...............मात्र भन्दा पनि विश्वास ठूलो हो ।

६. बचाउने विश्वासले तपाईलाई एउटा....................कार्य गर्नु पर्ने कार्य लगाउँछ ।

७. यदि तपाई भन्नुहुन्छ तपाई एउटा ईसाइ हो, तर तपाई असल थोक गर्ने कोशिस गरी रहनुभएको छैन, तपाई आफैलाई................छ ।

(तपाईका उत्तरहरु पेज नं. २२ मा हेरेर जाँच्नुहोस् ।)

त्यसकारण हामीले खीष्टियान विश्वास बारे के सिक्यौं ? हामीले सिक्यौ कि हामीलाई बचाउने एउटै मात्र कुरा येशूमा भएको विश्वास हो । असल कार्य गर्नाले हामी बचाईदैनौ

जे भए पनि, जब हामी सँग उहाँको बचाउने विश्वास हुन्छ यसले हामीलाई असल कार्य गर्ने बनाउँछ । जब तिनीहरुमा  अवसरहरु आउँछन, बाइबलमा हामीलाई गर्न भनेका कार्यहरु हामी गर्नेछौ । हामी मानिसहरुलाई सकेजति सहायता गर्नेछौ हामी

एक अर्का सित मित्रता र आदर भावमा बोल्नेछौ । परमेश्वरले हामीलाई दिनुभएको व्यवस्था र नियमहरुलाई आज्ञा पालन गर्नेछौ । आफूलाई जस्तै हाम्रा छिमेकीहरुलाई प्रेम गर्नेछौ । यहाँ सम्म कि हामी हाम्रा शत्रु प्रति दयालु हुनेछौ ।

हामी हाम्रा असल क्रियाकलाप र असल कार्यहरुमा हामी बचाईनका लागि भर पर्दैनौ । हामी खीष्टमा भरोसा भर पर्दछौ । त्यो सबै विश्वासको बारेमा हो । तर यदि हामीसँग यसप्रकारको ईसाइ विश्वास छ, तब असल क्रियाकलापले हामीलाई अनुशरण गर्नेछ । जति बलियो मेरो विश्वास छ त्यति नै बढी म असल थोकहरु विश्वासको कारण गर्नेछु । यदि कसैले उ सँग विश्वास छ भन्दछ कहिल्यै पनि असल थोकहरु गर्न चाहदैन, याकूब भने झै तब उसको विश्वास मृत हो ।

८. त्यो एक कुराले मात्रै हामीलाई बचाउँछ येशू खीष्ट, हाम्रा मुक्तिदातामा ................गर्नु हो ।

९. हामीसँग बचाउने विश्वास भए पछि यसले हामीलाई ............. गर्ने चाहना बनाउँछ ।

१०. मेरो.............विश्वासले, यसको कारण त्यति बढी असल गर्ने मेरो इच्छा बनाउँछ ।

११. यदि कसैले भन्छ म सँग विश्वास छ, तर उसले असल गर्ने चाहना कहिल्यै पनि राख्दैन, उसको विश्वास.................छ ।

(तपाईका उत्तरहरु पेज नं. २२ मा हेरेर जाँच्नुहोस् ।)

## अध्याय एकको पुनरावलोकन

केही मानिसले उनीहरुसँग ईसाइ विश्वास छ भनेर दाबी गर्छन । कि तिनीहरुले यसलाई प्रमाणित गर्नुपर्छ भनेर याकूब भन्छन । यसलाई प्रमाणित गर्ने तरिका यो हो कि हामीले हाम्रो विश्वासद्वारा असल कार्य गर्नुपर्छ । याकूबले एउटा उदाहरण दिएर यो कुरा देखाएका छन । यदि तपाईले कसैलाई खाना र कपडाको आवश्यकता देख्नु हुन्छ भने, र उसले खाना र कपडा प्राप्त गर्नेछ, भनेर तपाई भन्नु हुन्छ भने त्यो असल होइन । तपाईले जे भन्नु भयो त्यसको केही अर्थ छैन, अथवा बरु तपाईले उसलाई केही खाना र कपडा दिनु पर्दथ्यो । यदि तपाई भन्नुहुन्छ तपाईसँग ईसाइ विश्वास छ, तर तपाईले एउटा ईसाइले गर्नु पर्ने असल कुरा गर्ने कोशिस गर्नु हुन्न, भने तपाईको विश्वास मृत हो ।

ईसाइ विश्वास शब्दहरु मात्र भन्दा पनि बढी हो । यो येशूको बारेमा जान्नु भन्दा पनि बढी हो । ईसाइ विश्वास भनेको येशूमा विश्वास गर्नु मात्रै होइन तर यसले बाइबलमा हामीलाई गर्नु भनेको असल कुरा गर्ने चाहना बनाउँछ । हाम्रो असल कार्यले हामीलाई बचाउँछ भन्ने कुरामा हामी भर पर्दैनौ । हाम्रो विश्वास हामीलाई बचाउनको लागि येशूमा छ, यसले हामीलाई जस्तो बाइबलले भन्छ असल कार्य गर्न हामीलाई नेतृत्व गर्नेछ ।

## अध्याय एकको जाँच

१. याकूब भन्छन तपाईसँग विश्वास छ भन्नु र कुनै पनि..........नगर्ने कुराले असल गर्दैन ।

२. यदि यसले तपाईलाई असल कार्य बनाउदैन भने विश्वास आफैमा......................हो ।

३. .............. शब्दहरु भन्दा अझ बढी बोल्छ ।

४. एउटा ईसाइले उसको गरेको कार्यद्वारा ................ देखाउँछ ।

५. बाइबलमा................को कथाको बारेमा जान्नु भन्दा पनि विश्वास बढी हो ।

६. एउटा ईसाइले आफूले गरेको............कार्यद्वारा आफ्नो विश्वास देखाउँछ ।

७. यदि तपाई एउटा..............हुँ भन्नुहुन्छ तर तपाई असल कार्य गर्ने कोशिश गरिरहनु भएको छैन, तपाई आफैलाई मूर्ख तुल्याइरहनु भएको छ ।

८. हामीलाई बचाउने एउटै कुरा............हाम्रा उद्धारकर्तामा विश्वास गर्नु हो ।

९. हामीमा बचाइने विश्वास भए पछि, यसले हामीलाई असल कुरा ................बनाउँछ ।

१०. जति बलियो मेरो विश्वास हुन्छ, त्यसको कारण त्यति नै बढी असल कुरा मैले.............छु ।

११. यदि कसैले उ सँग विश्वास छ भन्छ, तर कहिल्यै पनि असल कुरा गर्न चाहदैन भने उसको...............मृत हो ।

(पेज नं. ८५ मा आफ्नो उत्तरहरु जाँच्नुहोस् ।)

१७ १८ देखि १९ सम्मका पेजहरुको उत्तर :
**१.विश्वास; २. मृत; ३. शब्दहरु; ४. असल; ५. थाहा पाएर; ६. ईसाइ; ७. मूर्ख; ८. विश्वास; ९. असल; १०. बलियो; ११. मृत ।**

## अध्याय दुइ

# हामीले पापको विरुद्ध कसरी लडनु पर्छ ?

त्यसकारण, असल कार्य विनाको विश्वास मरेतुल्य हो । यदि सम्पूर्ण कुरा थाहा पाउनलाई त्यहाँ भए जीवन सजिलो हुने थियो ? दुर्भाग्यबस, पाप र परीक्षाको समस्या छ । एउटा ईसाइले जे असल छ र ठीक छ त्यो गरेर आफ्नो विश्वास देखाउन चाहन्छ । जे भए पनि, हामी सधै नै गलत गरेर परिक्षित हुन्छौ ।



पोतीफरको श्रीमतीबाट परिक्षीत हुदा योसेफ टाढा भागे ।

याकूबलाई त्यो कुरा थाहा छ, र तब उनले कसरी पापको विरुद्ध लडनु पर्छ भन्ने बारे लेख्छन । यो अध्यायको अन्तमा तपाई योग्यको हुनु हुनेछ :

* पाप कति खराब छ भन्ने थाहा पाउन, र
* पापको विरुद्धमा कसरी लडनु पर्छ भन्न

धेरै जसो पाष्टरहरुले तपाईलाई भन्नेछन कि, जब मानिसहरुले पाप गर्छन र पाष्टरलाई भेटन चाहन्छन, प्राय: गरेर तिनीहरुले पाप गऱ्यौ भनेर भन्न चाहदैनन् । त्यसको सट्टा, तिनीहरु भन्नेछन, "पाष्टर ज्यू मैले गल्ती गरे ।" अथवा तिनीहरु भन्नेछन, "पास्टर ज्यू म कमजोर क्षणमा परे (फसे) ।"

प्रेरित याकूब हामीलाई सत्य बताउँछन । उनी एउटा पापलाई पाप हो भन्न रुचाउँछन । उनी त्यस्ता प्रकारका मानिसहरुको बारेमा लेख्छन मानौ तिनी एउटा जवान स्त्री जसले विवाह नगरिकनै गर्भधारण गरी । "ओहो मैले गल्ती गरे । म गर्भवती भए । मेरो मतलब यस्तो गर्नु थिएन ।"

त्यो पापीहरुले यस्तै गर्ने गर्छन । जब उसले अथवा तिनले पाप गर्ने चाहना राखेको थिएन र पनि पाप गऱ्यो । "म कमजोरको क्षणमा थिए । जे कुरा मैले नगर्नु पर्ने थियो मैले त्यही गरे । तर मेरो मतलब यो थिएन; यो वास्तवमा मेरो दोष थिएन !" याकूबको

उत्तर यस्तो छ : “तर हरेक मानिस आफ्नै खराब इच्छाद्वारा लोभिएर परीक्षामा पर्दछ । तब खराब इच्छाले गर्भधारण गरे पछि त्यसले पाप जन्माउँछ । अनि पाप पूरै बढे पछि त्यसले मृत्यु ल्याउँछ”(याकूब १:१४-१५) । पाप “अचानक घटन” सक्दैन । नत हामीले नचाहँदा चाहँदै हामी पासोमा पर्छौं । पाप तपाईको दोष हो । यो तपाईको आफ्नो खराब इच्छाले अथवा तपाईमा उ प्रतिको आकर्षण रहेकोमा के कुरा ठीक छ सो गर्न बाट त्यसले टाढा पुऱ्याउँछ ।

हामी सबैलाई थाहा छ त्यो सत्य हो । कसैले पनि तपाईको टाउकोमा बन्धुक राखेर जबरजस्ती पाप गर्न लगाउदैन । तपाईले चाहनु भएकोले तपाई पाप गर्नुहुन्छ । तपाईले खुशी आनन्द नमनाएको भए पाप गर्न परिक्षित हुनु हुन्थेन, हुन्थ्यो र ? यहाँ एउटा साधारण उदाहरण छ : येशूको क्रूसमा थुकेर पाप गर्न तपाई सहभागि हुनुहुन्थ्यो ? वास्तवमा होइन : त्यो एउटा परीक्षा हो त्यसमा तपाई पर्नु हुनेछैन कारण तपाई त्यसो गर्न चाहनु हुन्न ।

तर लागू औषधको कारोवार अथवा सेवन सम्बन्धी पापको बारेमा के भन्छ ? अथवा समलिङ्गी सम्बन्धको पाप ? अथवा चोरीको पाप, अथवा झूटो बोल्ने पाप अरु कुनै पापहरुको नाम तपाई लिन सक्नुहुन्छ ?

मानिसहरु ती पापहरु गर्छन कारण ती पापहरु तिनीहरुलाई राम्रा लाग्छन । ती पापहरु गर्नको लागि मानिसहरुले पहिले देखि नै खराब इच्छा गरेको हुन्छ र पाप गर्न चाहन्छन र पाप गर्छन ।

दोषहरुलाई पन्छयाउने कोशिस नगर्नुहोस् । यो तपाईको पापी स्वभाव हो जसले ती घटनाहरुलाई घटाउँछ । यो तपाईको दोष हो । यदि तपाईले सधै भरी पाप गरी रहनु भयो यसको निम्ति मर्नुभयो भने अरुलाई दोष नलगाउनुहोस् । तर तपाई आफै दोषी हुनुहुन्छ । याकूबले हामीलाई त्यही भन्न चाहेको हो ।

१.मानिसहरु प्राय: गरेर तिनीहरुले.............गरेका छन भनेर भन्न रुचाउदैनन् ।

२.याकूब भन्छन कि जब हामी आफ्नै खराब...........द्वारा डोर्‍याएर पाप गर्छौ ।

३.मानिसहरु पाप गर्छन कारण तिनीहरुलाई पापहरु..............लाग्छन ।

४.यदि तपाई पाप गर्नु हुन्छ, तपाईको आफ्नै................हो ।

(पेज नं ३५ मा तपाईका उत्तरहरु जाँच्नुहोस् ।)

याकूबले हामीलाई पाप त्यागेको चाहनु हुन्छ । पापको विरुद्धमा लडाईको सम्पूर्ण कारोवार बाइबलले

यसको बारेमा के भन्छ त्यो जानकारी गर्नु हो । याकूबले हामीलाई तल उल्लेखित कुरा भन्छन;

"तर वचन पालन गर्ने होओ, र सुन्ने मात्र भएर आफैलाई धोखा नदेओ । कुनै मानिसले वचन सुन्छ तर पालन गर्दैन भने, त्यो एउटा यस्तो मानिस जस्तो हुन्छ, जसले आफ्नो अनुहार ऐनामा हेर्छ किनकि त्यसले आफैलाई हेर्छ र गइहाल्छ, र त्यो आफै कस्तो थियो, त्यो तुरुन्तै बिर्सिहाल्छ । तर त्यो मानिस जस्तो स्वतन्त्रता दिने शुद्ध व्यवस्थालाई हेर्दछ र त्यसैमा लागिरहन्छ, अनि सुनेर बिर्सिहाल्ने होइन तर काम गर्ने पनि हुन्छ, त्यसले चाहिँ आफूले गरेको काममा आशिष पाउनेछ" (याकूब १:२२-२५)

तपाई एउटा व्यक्तिलाई विचार गर्न सक्नुहुन्छ जसले आफूलाई ऐनामा हेर्छ, देख्नु हुन्छ र फोहरी देखिन्छ र तब त्यहाँबाट जान्छ मानौ कि तिनीहरुमा कुनै गल्ती छैन ? स्त्री खास गरेर त्यसो गर्दैनन् यदि स्त्रीले ऐनामा हेरी र आफ्नो कपाल अस्तव्यस्त भएको देखि, तिनले काइयो समातिन र कपाल ठीकठाक पारिन । यदि तिनीले आफ्नो अनुहार फोहर देखिन भने, तिनीले फोहरलाई सफा गर्नेछिन ।

अझै केही मानिसहरु परमेश्वरको वचन पढछन । तिनीहरुले कति ज्यादा तिनीहरुको जीवनमा सुधार गर्नु पर्ने रहेछ भन्ने कुरा देख्छन । तर तिनीहरु टाढै

जान्छन मानौ कि तिनीहरुले कुनै कुराहरुलाई देखेको थिएन । उदाहरणको लागि :

बाइबलले भन्छ, “परमप्रभु आफ्ना परमेश्वरको नाउँ व्यर्थैमा नलिनू”(प्रस्थान२०:७) । मानी लिनुहोस् तपाई एउटा यस्तो व्यक्ति हुनुहुन्छ जो सधैं सराप्ने र शपथ खाने हुनुहुन्छ : “यो खाना नपाएस त्यो खान नपाएस” यस्तै यस्तै गर्दै जानुहुन्छ । तपाई बाइबल खोल्नुहुन्छ र यो खण्ड पढनुहुन्छ र आफैसित भन्नुहुन्छ, “हो म यो आज्ञाबाट धेरै टाढा छु ।” तपाई त्यहाँ बाट टाढा हिडनु हुन्छ र केही कुरा त्यहाँ हुन्छ जो तपाईलाई मन पर्दैन र तपाई फेरि त्यसबारे सराप्न शुरु गर्नुहुन्छ ।

बाइबल पढेर तपाईलाई के असर भयो, के तपाईले पढेको सबै गर्न चाहनु थियो । त्यसलाई पढनुहोस् ? के असल कुरा थियो जस अनुसार तपाई जिउन चाहनु हुन्न ?

अब मानीलिनुहोस् तपाई सराप्दै हुनुहुन्छ, तर जब तपाई त्यो आज्ञालाई पढनु हुन्छ तपाई भन्नुहुन्छ, “सारा समय मैले गलत गरिरहेछु । म यो गर्न रोक्ने कोशिस अहिले नै शुरु गर्छु !” याकूबले तपाईलाई भन्थे अब तपाई असल बन्दै हुनुहुन्छ । परमेश्वरले के भन्नु भएको छ त्यो मात्रै तपाई

पढिरहनु भएको छैन । त्यसको उहाँ प्रति आज्ञा पालन गर्ने कोशिश गरिहनु भएको पनि छ ।

५.परमेश्वरको व्यवस्थामा हेर्नु एउटा ............. मा हेरे जस्तै हो ।

६. यदि तपाईले त्यस अनुसार .............. योजना बनाउन भएको छैन भने बाइबलमा हेरेर मात्रै यसले असल गर्दैन।

७.परमेश्वरले के भन्नु भएको छ त्यो पढनु मात्रै हुन्न; तपाईले उहाँको ............... गर्ने कोशिस गर्नु पर्छ ।

(उत्तर जाँच्नको लागि पेज नं. ३५ मा हेर्नुहोस् ।)

त्यसकारण हामी बाइबलले के भनेको छ सो गर्ने इच्छा सहित पढनु पर्छ । जब हामी पापमा पर्छौ, बाइबलले हामीलाई जे भन्छ सो गर्नु पर्छ र पाप गर्नबाट रोक्नु पर्छ ।

तर हामीलाई राम्ररी थाहा छ कि यसो गर्न सधैं सजिलो छैन । कहिले काँही मानिसहरु यति साह्रो पापमा फसेका हुन्छन कि त्यसलाई रोक्न धेरै कठिन हुन्छ । यो खास गरेर सत्य हो जब एउटा दुर्व्यसनी लागू औषध अथवा मदिरा जन्य पदार्थको पापमा परेका हरुको निम्ति सत्य हो ।

त्यसैले पत्रको अन्तमा, याकूब हामीलाई भन्छन, कि हामीले यो सबै गर्नको लागि अरु व्यक्तिको सहायता गर्नु पर्छ जुनहरु यस्तो पापहरुमा फसेका छन । उनी लेख्छन : “मेरा भाइ हो, यदि तिमीहरुमध्ये कोही सत्यबाट बरालिएर जाँदा कसैले त्यसलाई फिराएर ल्यायो भने, त्यसले जानोस् कि जसले एक जना पापीलाई त्यसको कुमार्गबाट फिराएर ल्याउँद त्यसलाई मृत्युबाट बचाउनेछ, र असंख्या पापलाई ढाक्नेछ” ( याकूब ५:१९-२०)

प्राय: गरेर अरु मानिसहरुसँग तिनीहरुको पापको बारेमा कुरा गर्नु त्यति सजिलो छैन । हुनसक्छ तिनीहरु तपाईसँग रिसाउन सक्छन । हुनसक्छ तपाईले तिनीहरुको भावनामा चोट पुऱ्याउनु भयो होला, र तिनीहरुको दु:खमा थपभार थप्नु हुन्थेन यो प्राय गरेर तपाईको आफ्नो कुराहरुको लागि धेरै सजिलो छ ।

तर याकूब अर्को तरिकाबाट सोच्दछन ।

यदि तपाईले मन पराएको कुनै व्यक्ति मारिन गइरहेको छ, के तपाई उसलाई बचाउन कोशिस गर्नु हुन्थेन ? मानिलिनुहोस् उ बीच सडकमा उभिरहेको छ, एउटा कार उ भए तिर तीब्र गतिमा आइरहेको छ र उ त्यहाँबाट कही गइरहेको छैन कारण उसले त्यो कारलाई देखेको छैन । तपाई उसलाई भइरहेको खतराको लागि कराउदै सम्भाल्नु हुन्न र ?



येशू सामारी स्त्रीसँग बोल्नुभयो ।

“जसले एक जना पापीलाई त्यसको कुमार्गबाट फिराएर ल्याउँछ त्यसलाई मृत्युबाट बचाउनेछ” याकूब ५:२० । कोही पनि तिनीहरुको पापहरुमा मरेर नरक जाउन भन्ने कुरा परमेश्वर चाहनु हुन्न । त्यो खतराको बारेमा हामीले चेताउनी दिएको उहाँ चाहनु हुन्छ, र तिनीहरुलाई तिनीहरुको पापहरुबाट फिराएर येशू, तिनीहरुका मुक्तिदाता कहाँ ल्याएको चाहनु हुन्छ ।

८.हामीले यो सबै गर्नको लागि अरु व्यक्तिको सहायता गर्नु पर्छ जुनहरु यस्तो............... मा फसेका छन ।

९.प्राय: गरेर तपाईको आफ्नो ............... को लागि यो धेरै सजिलो छ ।

१०.परमेश्वर कसैलाई पनि तिनीहरुको पापहरुमा ...........र नरकमा गएको चाहनुहुन्न ।

११.हामीले तिनीहरुलाई तिनीहरुका पापहरु बाट फर्काउनु र तिनीहरुका मुक्तिदाता .................कहाँ ल्याउनु पर्छ ।

(पेज नं ३५ मा हेरेर तपाईका उत्तरहरु जाँच्नहोस् ।)

## अध्याय दुइको पुनरावलोकन

मानिसहरु आफूलाई पापीको रुपमा स्वीकार गर्न मन पराउदैनन् । तिनीहरु त्यसो भन्नुको सट्टा बरु गल्ती भएको

भनेर भन्न अथवा तिनीहरु कमजोर थिए भन्छन । तिनीहरु दोषी छन भनेर सोच्दैनन् । तर पाप गर्नु सधैं हाम्रो दोष हो । हामी पाप गर्छौं किनभने हाम्रो आफ्नै खराब इच्छाहरुले आकर्षित भएर हामीलाई सत्य के हो त्यसबाट टाढा नै राख्छ । हामी केही पापपूर्ण कुराहरु गर्छौं किनभने हामी यसलाई असल देख्छौ अथवा राम्रो महसुस गर्छौं । कुनै बहाना बनाउनको सट्टा, हामीले बाइबल पढनु पर्छ परमेश्वर हामीले के गरेको चाहनु हुन्छ । परमेश्वरको व्यवस्था एउटा ऐना जस्तै हो त्यसले हाम्रो दोषहरु देखाउँछ । एउटा व्यक्तिले ऐनामा हेर्दैन र उ कस्तो छ भन्ने कुरा सच्याउदैन भने । त्यही प्रकारले हामी परमेश्वरको व्यवस्थामा हेर्दैनौ पाप गर्नबाट रोकिदैनौ । त्यो मूर्खता हुनेछ ।

कहिले काँही परमेश्वरको व्यवस्था अनुसार जिउनु सजिलो छैन । त्यो हो जब हामी एक अर्कोलाई हेर्न आवश्यक हुन्छ । यदि कोही व्यक्तिलाई उसको पाप गर्न बाट मुक्त हुन कठिन परिरहेको छ भने, हामीले उसलाई पाप बाट रोक्न सहायता गर्नु पर्छ । यस प्रकार हामीले उसलाई तिनीहरुका पापहरुमा मर्नबाट नरकतिर जान बाट बचाउनेछौं ।

## अध्याय दुइको जाँच

१.प्राय गरेर मानिसहरु तिनीहरुले ...............गरेका छन भनेर भन्न मन पराउदैन ।

२.याकूबले भन्छन कि हामी पाप गर्छौं जब हामी हाम्रो .............इच्छा द्वारा नेतृत्व गरिएका हुन्छौ ।

३.मानिसहरु पाप गर्छन किनकि पापहरु तिनीहरुलाई ...............लाग्छन ।

४. यदि तपाई पाप गर्नु हुन्छ भने यो .............गल्ती हो ।

५.परमेश्वरको ..............हेर्नु भनेको ऐनामा हेर्नु जस्तै हो

६.यदि तपाईले त्यस अनुसार जिउने योजना बनाउनु भएन भने ..............हेरेर यसले केही असल गर्दैन ।

७.परमेश्वरले के भन्नुहुन्छ ................मात्रै हुँदैन, तपाईले त्यसको पालन गर्ने कोशिस गर्नु पर्छ ।

८.जो चाहिँ ..............मा फसेकाछन हामीले सम्पूर्ण कुरा गरेर तिनीहरुलाई सहायता गर्नु पर्छ ।

९.यो प्राय गरेर तपाईले आफ्नो कुराहरुको लागि धेरै ................हुन्छ ।

१०.परमेश्वर कसैले पनि तिनीहरुको पापहरुमा मरेको र ................गएको चाहनु हुन्न ।

११.हामीले तिनीहरुलाई तिनीहरुका पापहरुबाट ल्याएर येशू कहाँ, तिनीहरुका मुक्तिदाता कहाँ ................पर्छ ।

(पेज नं.५८ मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस् ।)

पेज नं. २७ ३० देखि ३३ सम्मका उत्तरहरुः १.पापी; २.इच्छा; ३.हेर्नमा असल; ४.दोष; ५.ऐना; ६.जिउनु; ७.आज्ञा; ८.पाप; ९.व्यवस्था; १०.मर्नु; ११.येशू



कायिनले उसको भाइ हाविललाई भूटो बोलेन ।

## अध्याय तीन

# जिब्रोलाई वशमा राख्नु !

धेरै मानिसहरु कुराकानी गर्न मन पराउँछन र जोडतोड संग कुराकानी गर्छन । तपाई त्यस्तो प्रकारका मानिसहरुलाई जान्नु हुन्छ :ओठहरु कहिले पनि चल्न बाट बन्द हुँदैन, र जिब्रो कहिल्यै पनि बन्द हुन बाट रोकिएको जस्तो देखिदैन । त्यस प्रकारका व्यक्तिहरु अन्तमा आफै ठूलो समस्यामा पाउँछन । तपाई सोच्नु सक्नु हुन्छ,

तिनीहरुले त्यहाँ एउटा पाठ सिक्नु पर्थ्यो, तर होइन, तिनीहरुले सिक्दैनन् । तपाईले त्यो थाहा पाउन अघि तिनीहरु फेरि कुरा गरिरहेछन । समग्र बाइबलमा, याकूबको पुस्तक जस्तै अरु पुस्तक छैन जसले खतरनाक एउटा अनियन्त्रित जिब्रोको बारेमा चेतावनी दिन्छ । एउटा विश्वासीले वास्तवमा उसले के भन्छ सो नियन्त्रण गर्न चाहन्छ । याकूबले किन र कसरी त्यो गर्नु पर्छ हामीलाई भन्नेछन । यो अध्यायको अन्तमा, तपाई योग्य हुनु हुनेछ :

* कसरी जिब्रोको कारण त्यति ठूलो दु:ख आउन सक्छ भन्न, र
* कसरी संरक्षण गर्ने अथवा कसरी तपाईको जिब्रोलाई नियन्त्रण गर्ने भन्न ।

तपाईले कहिल्यै तपाईको शरीरको एउटा सानो अंग जिब्रोको बारेमा सोच्नु भएको छ ? यो अवश्य नै त्यति ठूलो छैन (छ, सात सेन्टी मिटर) र यसलाई तौल गरेमा एक दुइ सय ग्राम जति होला, तपाईसंग ठूलो जिब्रो छ । अझै जिब्रो तपाईको शरीरको अति आवश्यक सदस्यको रुपमा हुन सक्छ, कारण यसैबाट सम्पूर्ण वार्तालाव हुन्छ । याकूबले यहि तथ्यद्वारा प्रभावित छन, उनी लेख्छन, “यदि घोडहरुलाई वशमा राख्नलाई तिनीहरुका मुखमा लगाम लगायौ भने तिनीहरुका सारा शरीरलाई जता मन पर्‍यो त्यतै लान सक्छौ । हेर त, जहाजहरु जो तेज हावाले चल्दछन ती ठूला-ठूला भए तापनि एउटा सानो पतवारद्धारा

कर्णधारले आफ्नो इच्छा अनुसार जता मन पऱ्यो त्यतै लान्छ। त्यस्तै जिब्रो पनि एउटा सानो अंग भएर ठूला-ठूला कुराको अभिमान गर्दछ" (याकूब ३:३-५)। याकूब हामीलाई के भन्न प्रत्यन गरिरहेकाछन ? उनी हामीलाई भन्छन कि हामी एउटा सानो टुक्रा फलामलाई प्रयोग गर्न सक्छौ जस्तो कि लगाम लगाएर एक टन अथवा दुइ घोडहरुलाई चलाउन सकिन्छ अथवा एउटा सानो काठका टुक्रा जस्तो एउटा पतवारले ठूलो जहाजलाई चलाउँछ। सानो वस्तुले ठूला-ठूला वस्तुहरुमा नियन्त्रण राख्दछ। हाम्रो जिब्रोले पनि त्यस्तै प्रकारको काम गर्दछ। तिनीहरुले धाक लगाउन शुरु गरे, र तपाईले पहिल्यै थाहा पाउनु भयो। त्यो भन्दा बढी हाम्रो जिब्रोले त्यो धाक लगाइको उत्तर दिन कोशिस गर्छ।

उदाहरणको लागिभुन्नुहोस्, तपाई बाहिर हुनुहुन्छ र तपाईको जिब्रोले तपाई कति ठूलो लडाकू हुनुहुन्छ भनेर कुरा गर्न शुरु गर्छ। अर्को कुरा त तपाईलाई थाहा छ; कसैले तपाईसँग लडाई गर्न धम्की दिइरहेको छ, र तपाईको जिब्रोसँग होइन। किनकि तपाईले आफ्नो जिब्रोलाई धाक लगाउन दिनुभयो, अहिले जिब्रोले भनेको कारणले तपाईको अन्य शरीरले दुःख पाउन सक्छ।

१.जिब्रो तपाईको शरीरको अति ................सदस्य हुनसक्छ ।

२.जब तपाईको जिब्रोले अंहकार अथवा धाक लगाउन शुरु गर्छ, यो एउटा सानो वस्तु जस्तै छ जस्तो ठूलो वस्तुमा .................राख्छ ।

३.तपाईको जिब्रोले धाक लगाइरहेछ, र बाँकी तपाईको अन्य कुराले त्यो धाक लगाइलाई ......................दिने कोशिस गर्छ ।

(पेज नं. ४८ मा हेरेर तपाईका उत्तरहरु जाँच्नहोस् ।)

याकूब मानिसहरुको जिब्रोलाई भरोसा गर्दैनन् । उनी लेख्छन; "हेर, एउटा सानो आगोको झिल्काले ठूलो वन पनि स्वाहा पार्दछ । जिब्रो पनि एउटा आगो नै हो । यो शरीरका अंगहरु मध्ये अधर्मको एउटा दुनियाँ नै हो । यसले सारा शरीरलाई दूषित पार्दछ र जीवनको सारा क्रममा नै आगो सल्काई दिन्छ र नरकको आगोमा त्यो जल्छ ! हरेक किसिमका पशु पक्षी, घस्रने जन्तु र समुद्रका जीव जन्तुलाई तह लगाउन सकिन्छ, मानिस जातिबाट तह लगाइएको छ । तर जिब्रोलाई कुनै मानिसले तह लाउन सक्दैन । घातक विषले भरिएको यो चञ्चल दुष्ट हो" (याकूब ३:५-८) ।

एउटा वास्तविक महत्वपूर्ण कुरा याकूबले भन्छन कसरी जिब्रोले तपाईको पूरा शरीरलाई दुषित पार्छ भनेर । त्यस्तो व्यक्तिको बारेमा तपाईले कहिल्यै थाहा पाउनु भएको छ ?

कल्पना गर्नुहोस् यदि तपाई सुन्दर नारी हुनु भएको भए । उनको कपाल ठीक छ, उनको छाला पनि नरम र स्वस्थ छ, उनको अनुहार, उनको आकृति प्रत्येक कुरामा उनी सुन्दर छिन । तर त्यस पछि, अनुमान गर्नुहोस्, जब उनी गाली गर्दै र सराप्दै आफ्ना ओठ खोल्छिन र मानिसहरुलाई खराब नामले बोलाउछिन, र त्यस्तो कार्य गर्छिन जसलाई हामी फोहोर मुख भन्दछौ । के उनको जिब्रोले वास्तवमा उनको सबै सुन्दरतालाई नाश गरेन ?

विश्वासीहरु ती व्यक्तिहरु हुन जुनहरु परमेश्वरद्धारा उहाँका आफ्ना सन्तान हुनका लागि किनिएका हुन । उहाँले आफ्नो पुत्रलाई हाम्रो पापहरुको लागि मर्न पठाएर यो गर्नु भएको हो । यसले हामीलाई उहाँको दुष्टिमा केही विशिष्ट र सुन्दर बनाउँछ । उहाँले हामीलाई त्यसै प्रकारले गरेको चाहनु हुन्छ । तर जब हामी हाम्रो जिब्रोलाई लगाम लगाउने छैनौ, हामी सम्पूर्ण तस्वीरलाई बिगार्दछौ । हामी मानिसहरुलाई हाम्रो विश्वासको बारेमा साँच्चै गम्भिर प्रभाव दिन सक्दैनौ । यी सबै घटनाहरु हुन्छन, कारण हामीले हाम्रो शरीरको सानो सदस्य जस्तै हाम्रो जिब्रोलाई नियन्त्रण गर्ने कोशिस गरेका छैनौ !

४.जिब्रोले तपाईको सम्पूर्ण ..............दुषित पार्न सक्छ ।

५.नियन्त्रणमा नराखेको जिब्रोले एउटा व्यक्तिको ................लाई नाश गर्न सक्छ ।

६.यदि हामीले हाम्रो जिब्रोलाई वशमा राखेनौ भने, मानिसहरु हाम्रो विश्वासको बारेमा ......................भएको सोच्ने छैनन् अर्थात विचार गर्ने छैनन् ।

(पेज नं. ४८ मा हेरेर तपाईका उत्तरहरु जाँच्नहोस् ।)

याकूबले यसको एउटा राम्रो उदाहरण दिन्छन, "यसद्धारा हामी प्रभु र पिताको प्रशंसा गर्दछौ, र यसैद्धारा परमेश्वरको स्वरुपमा बनेका मानिसहरुलाई हामी सराप्दछौ ।" एउटै मुखबाट आर्शिवाद र सराप निस्कन्छन् । मेरा भाइ हो, यसो नहुनु पर्ने हो (याकूब ३:९-१०) ।

तपाईले भर्खरै जे पढनु भयो त्यसको बारेमा सोच्नुहोस्, तपाई मण्डलीमा बसिरहेको हुन सक्नु हुन्छ, भजनहरु गाइरहनु भएको हुनसक्छ, र प्रभुको प्रार्थना भनिरहनु भएको हुनसक्छ र प्रचारक संगै "आमिन" भनिरहनु भएको हुनसक्छ । तर त्यसपछि तपाई सङ्गतिबाट जानु भयो, र तपाईले कसैलाई देख्नुभयो र मन पराउनु भएन, र उसलाई तपाई एउटा फोहरी, बिग्रेको, अथवा खराब भनेर बोलाउनु हुन्छ ।

तपाईले अहिले के गर्नुभयो ? परमेश्वर कति महान र अदभूत हुनुहुन्छ भनेर तपाई त्यसको बारेमा कुरा गरिरहनु भएको थियो । तब तपाई आफ्नो साथी व्यक्तिलाई देख्नु हुन्छ जो चाहिँ परमेश्वरको स्वरुपमा बनेको छ, र तपाईले उसलाई गाली र सपथ खुवाउन शुरु गर्नु हुन्छ । याकूबले

भन्छन तिमीले तिम्रो मनलाई उचाल्नु पर्छ। यद्यपि परमेश्वर महान र प्रशंसाको योग्य हुनुहुन्छ, यस अर्थमा हरेक जो उहाँको स्वरुपमा सृजियो ऊ पनि आदरको योग्य हुन्छ। तर याद राख्नुहोस्, तब तपाई यस प्रकारले अवश्य परमेश्वरलाई गाली गर्दै हुनुहुन्छ।

७.हामी उही जिब्रोले परमेश्वरको प्रशंसा चढाउँछौ र परमेश्वरको ..........सृजिएका मानिसलाई सराप्दछौ।

८.यदि परमेश्वर प्रशंसाको योग्य हुनु हुन्छ भने, तब मानिसहरु उहाँको स्वरुपमा सृजिएकाछन, तिनीहरु ................योग्यका छन।

९.यदि तपाई यसै प्रकारले मानिसहरुलाई सराप्दै हुनुहुन्छ तपाई ...............लाई सराप्दै हुनुहुन्छ।


(पेज नं. ४८ मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस्।)

तर तपाई दुवै कुरा गर्न सक्नु हुन्न। याकूब क्रमश भन्छन, “के पानीको मूलको एउटै धाराबाट मिठो र तीतो पानी निस्कन्छ र ? मेरा भाइ हो, के अञ्जीरको बोटमा जैतून अथवा दाखको बोटमा अञ्जीर फल्न सक्छ र ? तीतो पानीको मूलबाट पनि मिठो पानी निस्कन सक्दैन” (याकूब ३:११,१२)। तपाई के गर्दै हुनुहुन्छ यसको बारे सोच्नुहोस्, यदि तपाईसंग “फोहरी मुख” छ, परमेश्वरलाई असल प्रशंसा चढाउन उचित छ भनेर आशा नगर्नुहोस्। एक हप्तामा तेइस घण्टा र छ दिन सम्मका लागि तपाई

आफ्नो साथीलाई सराप्न र सपथ खुवाउन सक्नुहुन्न र त्यसपछि तपाईको मण्डलीमा परमेश्वरलाई भजन गाउन र प्रशंसा चढाउन आराधना सेवा गर्न तपाईको मुख धेरै शुद्ध हुन्छ भन्ने आशा राख्नुहोस् !

तपाईको जिब्रोलाई वशमा राख्ने तरिका यहाँ छ, तब सोच्नुहोस् । जब तपाई कसैलाई केही खराब कुरा भन्न गइरहनु भएको छ, जब तपाई उसको नाउँ भनेर सराप्न र सपथ खुवाउदै हुनुहुन्छ, सोच्नुहोस् ! के तपाई परमेश्वरको बारेमा त्यसो भन्नु हुन्थ्यो ? त्यसकारण परमेश्वरको स्वरुपमा सृजिएका जो सुकैलाई पनि यसको बारेमा नभन्नुहोस् ।

के तपाई तपाईको प्रशंसा र प्रार्थनाहरुको असल स्वर परमेश्वरको कानमा परेको चाहनुहुन्छ ? तब याद राख्नुहोस् सबै हाप्ता भरि तपाई केही प्रार्थना गइरहनु भएको छ । तपाई त्यो परमेश्वर सँग कुरा गर्न गइरहनु भएको थियो जसले तपाईलाई सृजनुभयो र आफ्नो पुत्रलाई तपाईको उद्धारकर्ता हुनलाई पठाउनुभयो । आफ्नो मुखलाई शुद्ध पार्नुहोस्, जिब्रोलाई वशमा राख्नुहोस्, ताकि विश्राम दिनमा प्रार्थना र भजन गाउन उचित हुनेछ ।



अब्राहामले परमेश्वरलाई धन्यवाद दिन बेदी बनाए ।

१०.याकूब सोध्छन कि के शुद्ध पानी र................पानी एउटै मुहानबाट बग्न सक्छन ।

११.तपाई आफ्नो साथीलाई सराप्न सक्नुहुन्न र त्यसपछि तपाई विचार गर्नुहोस् तपाईको मुख परमेश्वरको प्रशंसा गर्नको लागि पर्याप्त................ छ ।

१२. कुनै व्यक्तिको बारेमा खराब कुराहरु नभन्नुहोस् जुनहरु परमेश्वरको ................ सृजिएकाछन ।

(पेज नं. ४८ मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस् ।)

## अध्याय तीनको सारांश

यद्यपि जिब्रो शरीरको एउटा सानो अंग हो, यसले हामीमाथि ठूलो नियन्त्रण राख्छ । यसले ठूलो अभिमान शुरु गर्न लगाउँछ, र त्यसपछि बाँकी रहेका हाम्रो शरीर र मष्तिस्कले तिनीहरुको उत्तर दिनु पर्छ । हामी हेर्नमा जति सुकै सुन्दर भए तापनि हाम्रो जिब्रोले त्यस्तो खराब भाषा प्रयोग गर्न सक्छ कि यसले हामीलाई कुरुप पार्दछ । जब हाम्रो जिब्रोले हाम्रो साथीलाई सराप्दछ, यो परमेश्वरलाई नै सराप्दै गरेको जस्तै हो । अन्तमा, मानिस परमेश्वरको स्परुपमा सृजिएको छ । हामीले हाम्रो जिब्रोलाई वशमा राख्नु आवश्यक छ, र हामीले ती कुराहरु म     ात्र बोल्नु पर्छ जसले हामी विश्वासी हौ भन्ने कुरा देखाउँछ । नत्र भने, हाम्रा मुखहरु वस्तवमा परमेश्वरलाई प्रशंसा चढाउन “सफा” भएका हुनेछैनन् ।

## अध्याय तीनको जाँच

१. ......................तपाईको शरीरको अति आवश्यक सदस्य हुनसक्छ ।

२.जब तपाईको जिब्रोले ................गर्न शुरु गर्छ, यो एउटा सानो वस्तु जस्तै हो जसले ठूलो वस्तुलाई नियन्त्रण गर्छ ।

३.तपाईको ...................ले अभिमान गरिरहेछ बाँकी तपाईले त्यो अभिमानको उत्तर दिन कोशिस गर्नुहुन्छ ।

४.जिब्रोले तपाईको सम्पूर्ण शरीरलाई ..................गर्छ ।

५.लगाम नलाएको जिब्रोले मानिसको सुन्दरलाई ........................पार्न सक्छ ।

६.यदि हामीले हाम्रो जिब्रोलाई वशमा राखेनौ भने, मानिसहरुले हाम्रो ................को बारेमा हामी गम्भीर छैनौ भनेर सोच्नेछन ।

७.हामी एउटै जिब्रोले परमेश्वरलाई प्रशंसा चढाउँछौ र परमेश्वरको स्वरुपमा सृजिएका व्यक्तिलाई ...................।

८.यदि परमेश्वर प्रशंसाको योग्य हुनुहुन्छ भने उहाँको ................मा सृजिएका व्यक्तिहरु आदरको योग्य छन ।

९.यदि तपाई यस प्रकारले .................लाई सराप्नु हुन्छ भने तपाई परमेश्वरलाई सराप्दै हुनुहुन्छ ।

१०.याकूब सोध्छन एउटै ....................बाट सफा र दुषित पानी बग्न सक्छ ।

११. जब तपाई तपाईको साथीलाई सराप्न हुन्न र तपाई विचार गर्नुहोस् तपाईको मुख परमेश्वरको .................. को गीत गाउन शुद्ध छ ।

१२.कसैको बारेमा खराब कुरा नभन्नुहोस् तिनीहरु ..............को स्वरुपमा सृजिएकाछन ।


(पेज नं. ८५ मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस् ।)

पेज नं. ४० ४१ ४२ ४३ देखि ४६ का उत्तरहरु : १.अति आवश्यक; २.नियन्त्रण; ३.उत्तर; ४.शरीर; ५.सुन्दरता; ६.गम्भीर; ७.स्वरुप; ८.आदर; ९.परमेश्वर; १०.दुषित; ११.शुद्ध; १२.स्वरुप

अध्याय चार

# सर्वप्रथम अरु मानिसको बारेमा सोच्नुहोस्

याकूबले एउटा कुरालाई स्पष्ट रुपले दोहऱ्याउदै भनेका छन कि विश्वासीहरुले सर्वप्रथम अरु मानिसको बारेमा सोच्नु पर्दछ । यो कुरा गर्न सधैं सजिलो छैन । धेरै मानिसहरु यो विचार गर्न माथि छन कि  तिनीहरुको जीवनमा तिनीहरु सब भन्दा अति महत्वपूर्ण व्यक्ति हुन । तिनीहरु भन्छन, “सर्वप्रथम आफूलाई हेर्नु पर्दछ ।” तर त्यो परमेश्वरको तरिका होइन, र नत यो एउटा विश्वासीले गर्ने तरिका हो ।



येशूले पाँच हजार जनालाई खुवाएर आफ्नो प्रेम देखाउनुभयो ।

यो अध्यायमा प्रेरित याकूबले अरु मानिसहरुलाई सर्वप्रथम हाम्रो जीवनमा राख्ने बारे के भन्छन हेर्नेछौ । अध्यायको अन्तमा तपाई योग्यको हुनुहुनेछ :

* किन लडाई र वाद विवाद गलत छन,
* किन केही व्यक्ति विशेषको समर्थन हुनु गलत छ, र
* एउटा खीष्टियानले अरु व्यक्तिहरु प्रति कस्तो कार्य गर्नु पर्छ ।

हरेक व्यक्तिलाई थाहा छ कि कति चाँडै लडाई र झगडाहरु शुरु हुन्छन । जब हामी कसैसंग रिसाउँछौ तब हामी ऊ सित लडाई र झगडा गर्न सक्छौ । लडाई शुरु गर्न समय लाग्दैन ।

याकूब लडाई र झगडाको बारेमा केही कुरा भन्छन । "तिमीहरुका बीचमा लडाई र झगडाहरु कुन कुराले ल्याउँछ ? के यी सब तिम्रो शरीरका अंगहरुमा संघर्ष गर्ने अभिलाषाहरुबाट आएका होइनन् र ? तिमीहरु इच्छा त गर्दछौ, तर तिमीहरु पाउदैनौ । तिमीहरु हत्या गर्दछौ र लोभ गर्छौ, तर पाउन सक्दैनौ । तिमीहरु झगडा गर्दछौ र लडाई गर्छौ । तिमीहरुसित हुँदैन, किनभने तिमीहरु परमेश्वरसंग माग्दैनौ" (याकूब ४:१,२ ) । मानिसहरु किन झगडा गर्छन ? यसको कारण प्राय गरेर तिनीहरु मध्ये एक सँग केही कुरा हुन्छ जो अर्कोले पनि चाहन्छ । हुनसक्छ यो

त्यही कुरा हो जसमा तपाई आफ्नो हात राख्न सक्नुहुन्छ। जस्तै पैसा वा भोजन, कहिले काँही तिनीहरुको व्यवहार पनि हो। तिनीहरु शान्तिमा छन, र तपाई हुनुहुन्न। किनकि तिनीहरु प्रति तपाई डाही हुनुहुन्छ, त्यसैले तपाई झगडा उठाउनु हुन्छ।

याकूब भन्छन यो स्वार्थीपूर्ण इच्छा हो। "तिमीहरु इच्छा त गर्दछौ, तर तिमीहरु पाउँदैनौ। तिमीहरु हत्या गर्दछौ र लोभ गर्छौं"(याकूब ४:२) केही मानिस वास्तवमा यस्तै गर्छन। तिनीहरु कसैको हत्या गरेर उसंग भएको थोक लिन्छन। अरुहरुले त्यो व्यक्ति मरेको चाहन्छन कारण तिनीहरु उ प्रति डाही छन। कोही उसलाई घृणा गर्छन। परमेश्वरको पुस्तकमा दुष्ट विचार गर्नु नै हत्या गरे जतिकै हो।

यो मानिसहरुका लागि किन गलत छ यसले तपाईलाई लडाई गर्न तयार पार्दछ भन्ने कुरा हेर्न सजिलो छ। तर यो परमेश्वर विरुद्ध पाप हो। याकूब यो वचनलाई निरन्तरता दिइरहेकाछन :

"तिमीहरु इच्छा त गर्दछौ, तर तिमीहरु पाउँदैनौ। तिमीहरु हत्या गर्दछौ र लोभ गर्छौ, तर पाउन सक्दैनौ। तिमीहरु झगडा गर्दछौ र लडाइँ गर्छौ। तिमीहरुसित हुँदैन, किनभने तिमीहरु परमेश्वरसँग माग्दैनौ। तिमीहरु माग्छौ तर पाउँदैनौ, किनकि आफ्ना अभिलाषा पूरा गर्नलाई बेठीकसित माग्छौ।" (याकूब ४:२,३)

यदि तपाई कुनै थोकलाई चाहनु हुन्छ, अरुसंग भएकोमा डाही हुनु भन्दा बरु, परमेश्वरसंग सो कुराको लागि प्रार्थना गर्नु पर्छ । तर हेर्नुहोस् ! तपाईको उदेश्य परमेश्वरलाई खुशी तुल्याउने नहुन सक्छ । यदि ती कुराहरु आफ्नो आनन्दको लागि मात्र चाहनु हुन्छ भने तपाई स्वार्थी भइरहनु भएको छ । एउटा ख्रीष्टियानको लागि स्वार्थले भरिनु राम्रो होइन ।

अलि कति पछि गएर याकूबले यस प्रकारको स्वार्थीपनाको बारेमा वास्तवमा केही ज्यादा कुरा भनेका छन । केही व्यक्ति आफ्नो लागि हरेक कुराको चाहना गर्छन र अरु व्यक्तिहरुको बारेमा केही पनि वास्ता गर्दैन, तिनीहरु धनी बन्न चाहन्छन र अरुहरु भोक भोकै बसेका हुन्छन । तिनीहरुलाई याकूबले यस्तो चेतवानी दिन्छन ।

“धनी मानिस हो ! सुन, तिमीहरुमाथि आइपर्ने कष्टहरुका निम्ति रोओ र विलाप गर । तिमीहरुको धन सडेको छ, र तिमीहरुका पोशाकहरु कीराले खाएका छन् । तिमीहरुका सुन चाँदीमा कस लागेको छ, र त्यही कस तिमीहरुका विरुद्धमा साक्षी हुनेछ, र आगोले जस्तै तिमीहरुको शरीर खानेछ । तिमीहरुले आखिरी दिनहरुका नीम्त धन साँचेका छौ । जुन खेतालाहरुले तिमीहरुका खेतका बाली काटेकाछन् तिमीहरुले धोखाबाजी गरेर नदिएको तिनीहरुको ज्याला नै कराउँछ, र ती बाली काटनेहरुको पुकारा सेनाहरुका परमप्रभुका कानै सम्मै पुगेको छ । तिमीहरु यस पृथ्वीका

सुख-विलास र मोजमज्जामा मस्त भएर बसेका छौ । बलिका दिनको निम्ति तिमीहरु आफैलाई पुष्टाई राखेका छौ । (याकूब ५:१-५)

यस्तो किसिमको स्वार्थीपनाको पछाडि धेरै ठूलो लडाई र झगडा छ । तपाई त्यस प्रकार जिईरहनु भएको छ भने, याकूबले लेखेको ती व्यक्ति विरुद्ध झै तपाई विनाशमा परिरहनु भएको छ । के यो गर्नु लायक हो ? निश्चय पनि होइन ।

१.लडाई र झगडाहरु हाम्रो आफ्नै ......................इच्छाको कारण हो ।

२.कुनै थोक वस्तुको लागि झगडा गर्नु भन्दा, हामीले तिनीहरुको लागि ................गर्नु पर्दछ ।

३.तर यदि हामीले केवल आफ्नै ..................को लागि चाहेका छौ भने, तब हाम्रो उदेश्यहरु स्वार्थी हुन ।

४.एउटा खीष्टियान ................ले भरिएको हुनु पर्दैन ।

(पेज नं. ६२ मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस् ।)

अर्को प्रकारले यस किसिमको स्वार्थीपना पक्षपातले देखाउँछ । त्यो शब्दको अर्थ यो हो कि तपाई एक व्यक्तिको पक्षमा हुनुहुन्छ । यसको अर्थ तपाई कुनै व्यक्तिको साथी हुनुहुन्छ अरुको हुनुहुन्न भन्ने होइन । यसको अर्थ तपाई कोहीलाई

ठूलो आदर देखाउनु हुन्छ कोहीलाई नराम्रो व्यवहार गर्नुहुन्छ भने हो ।

पक्षपातको बारेमा याकूबले यसो भनेका छन :

मेरा भाइ हो, प्रभु येशू ख्रीष्ट, महिमाका प्रभुमाथि तिमीहरुको विश्वास भएको हुनाले तिमीहरु कुनै भेदभाव नदेखाओ । यदि कोही मानिस सुनका औंठीहरु र राम्रा-राम्रा लुगाहरु लगाएर तिमीहरुको सभामा आओ र कुनै एउटा गरिब पनि झुत्रे-झाम्रे लुगा लगाएर आयो भने, तिमीहरुले त्यो राम्रो लुगा लाउनेलाई आदर गरेर, "यहाँ राम्रो ठाउँमा बस्नुहोस्" भन्छौ , र त्यस गरिबलाई चाहिँ "तँ त्यही उभि" अथवा "मेरा पाउनेर बस," भन्छौ भने, के तिमीहरुले आफ्नै बिचमा भेदभाव देखाएनौ, र कुविचार भएका न्यायकर्ता भएनौ र ?

......यदि "आफ्ना छिमेकीलाई आफूलाई झै प्रेम गर" भन्ने पवित्र-धर्मशास्त्रको राजकिय व्यवस्थालाई साँच्चै पूरा गर्दछौ भनेता असलै गर्दछौ । यदि तिमीहरुले भेदभाव देखायौ भनेता तिमीहरु पाप गर्दछौ, र व्यवस्थाद्धारा अपराधी ठहरिन्छौ" (याकूब २:१-४,८-९) ।

किन मानिसहरुले पक्षपात गरेको देखाउँछन ? प्राय गरेर यो हो किनकि तिनीहरु परमेश्वरको पक्षबाट विचार गर्न चाहदैनन् । के परमेश्वरले व्यक्ति कति धनी छ भनि वास्ता गर्नु हुन्छ ? के येशू धनी र गरीब दुवै व्यक्तिहरुको लागि

मर्नु भएको होइन ? यदि तपाई गरिबको सट्टा धनी व्यक्तिको पक्षमा हुन्छ, भने तपाई परमेश्वरलाई के भनिरहनु भएको छ ? के तपाई उहाँलाई व्यवस्था परिवर्तन गर्नुपर्छ भनिरहनु भएको छैन, उहाँले आज्ञालाई फेरि लेख्नु पर्छ "आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर" भनेर पढेकोमा अब आफ्नो छिमेकीलाई यदि उ योग्य छ भने उसलाई प्रेम गर !" भन्ने पढनु पर्ने हुन्छ ।

यदि कुनै व्यक्ति हाम्रो आदर योग्य छ कि छैन भन्ने हाम्रो न्याय गर्ने स्थान होइन । परमेश्वरले भन्नु हुन्छ कि त्यो व्यक्ति हाम्रो छिमेकी हो र हामीले उसलाई आफूलाई जस्तै प्रेम गर्नु पर्छ, धनी होस अथवा गरीब, काली होस अथवा गोरो, शहरमा बस्ने होस अथवा गाउँमा बस्ने केटा, पुरुष होस अथवा स्त्री कुनै कुरा छैन । एउटा ख्रीष्टियानले आफ्नो मनमा यस्तो विचार लिनु हुँदैन । हामीले पहिल्यै तिनीहरुको लागि सोच्नु पर्दछ ।



धनी मानिसले गरीब लाजरसको वास्ता गरेनन् ।

५.पक्षपातको अर्थ कसैलाई आदरसाथ व्यवहार गर्नु र कसैलाई ................व्यवहार गर्नु हो ।

६.कुनै व्यक्ति हाम्रो आदर ...............छ कि छैन भन्ने हाम्रो न्याय गर्ने स्थान होइन ।

७.मानिस जस्तै होस केही कुरा छैन, परमेश्वर भन्नु हुन्छ उ हाम्रो ................हो ।

८.हामीले पहिल्यै ..................को लागि आफै सोच्नु पर्दछ ।

(पेज नं. ६२ मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस् ।)

तपाईले जे भर्खरै पढनुभयो यस्तो लाग्छ कि याकूबले तपाईलाई के नगर्ने भन्ने बारेमा बढी भन्छन, तर तपाईले के गर्नु पर्दछ भन्नु त्यति राम्रो छैन । यो सत्य हो कि उनी स्वार्थीपना र पक्षपातीका एउटा आलोचक हुन । तर उनले हामी कस्तो हुनु पर्दछ भन्ने बारेमा केही कुरा भनेकाछन । "तर जुन बुद्धि स्वर्गबाट आउँछ त्यो पहिले शुद्ध हुन्छ, तब त्यो शान्तिप्रिय, कोमल, विचारशील, कृपापूर्ण र असल फलले भरिरएको, पक्षपातरहित र कपटरहित हुन्छ" (याकूब ३:१७) ।

उनले "स्वर्ग बाट आउने बुद्धिको"बारेमा कुरा गरेका छन । बुद्धिको मतलव ठीक कुरा गर्न जान्नु हो । यस संसारमा एक प्रकारको "बुद्धि" छ मानिसहरु अनुशारण गर्न चाहन्छन

। यो आफैलाई मात्र हेर्ने र अरुलाई पनि तिनीहरु आफैलाई मात्र हेर्न दिने “बुद्वि” हो । यस प्रकारको बुद्विहरुले झ्यालखानमा राखेको छ ।

तर परमेश्वरले हामीलाई दिने बुद्धि फरक छ । हेर्नुहोस् यसले कसरी कार्य गर्दछ । यो शुद्ध हुन्छ ! त्यसको अर्थ यो स्वार्थी उदेश्यले मिश्रित हुँदैन, तर पूर्णतया अर्काको भलाई गर्न चाहन्छ, यो शान्ति प्रिय हुन्छ । यसले अरुलाई दु:ख दिँदैन, जब सम्म सम्भव हुन्छ । सधैं शान्ति प्रिय हुन कोशिस गर्दछ । यो भद्र हुन्छ, झगडाहरु मच्चाउनलाई घुमी हिडदैन, तर अरु मानिससंग नम्र र भद्रताको व्यवहार गर्छ । यसले पक्षापात विना कृपा र दया देखाउँछ । र यो विश्वासयोग्य हुन्छ । तपाईले यी सबै कुरा साँच्चै गर्न चाहेकोले गर्दै हुनुहुन्छ तर अरुलाई प्रभाव पार्ने उद्देश्यले मात्र होइन ।

जब तपाई यो सूचिलाई हेर्नहुन्छ, के यसले कुनै कुराको तपाईलाई सम्झना आउँछ ? जब उहाँ एउटा मानव भएर मानिसहरुको बिचमा यस पृथ्वीमा रहेर कार्य गर्दा त्यस प्रकारले के येशूले गर्नु भएको थिएन ? परमेश्वर हामीबाट के चाहनु हुन्छ, त्यो हो कि हामी येशूको अनुशरण गरौ, र जब हामी यसो गर्छौं, हामी येशूले गर्नु भएको जस्तै गर्नेछौ :

हामी आफै अरुहरुलाई हाम्रो अगाडि राख्नेछौ ।

९.पृथ्वीको “बुद्धि” ले प्राय हामीलाई हाम्रो .............लागि मात्र हेरचाह गर्न भन्छ ।

१०.परमेश्वरको बुद्धिले पूर्णतया ................लागि भलाईको कामना गर्छ ।

११.परमेश्वर हामीले येशूको................... गरेको चाहानुहुन्छ ।

(पेज नं. ६२ मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस् ।)

## अध्याय चारको पुनरावलोकन

अरुसंग भएको थोकहरुको चाहनाको लागि तपाईसंग भएको स्वार्थपूर्ण इच्छाको कारण अत्याधिक लडाई र झगडाहरु शुरु हुन्छन । यस्तो प्रकारको स्वार्थपूर्ण चाहनाले तपाईलाई तिनीहरुलाई घृणा गर्ने मात्र बनाउदैन जो सँग ती थोकहरु छन । यो एउटा परमेश्वर विरुद्धको पाप पनि हो । यदि हामी केही कुराको चाहना गर्छौं भने त्यसको लागि परमेश्वरसंग प्रार्थना गर्नु पर्दछ, तर हामीले स्वार्थपूर्ण इच्छामा प्रार्थना गर्नु पर्दैन । हामीले कोहीलाई आदर गर्ने र अन्यहरुलाई हेला गर्ने अथवा अरुलाई तल्लो स्तरको दृष्टिकोण राखेर पक्षपात देखाउनु हुँदैन । परमेश्वर भन्नु हुन्छ हामीले हाम्रो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्नु

पर्छ यसमा कुनै कुरा छैन तिनीहरु जो जे जस्ता भए पनि ती हाम्रा छिमेकीहरु हुन ।

हाम्रो लागि परमेश्वरको मनमा केही उत्तम कुरा छ । हामीसंग स्वर्गबाटको बुद्धि भएको उहाँ चाहनु हुन्छ, जसले अरुहरुलाई हाम्रो भन्दा प्रथम स्थानमा राख्न हामीलाई अगुवाइ गर्छ । जे भए पनि के येशूले हाम्रो लागि त्यो गर्नु भएको थिएन ? हामीले पनि अरु मानिसहरुको लागि त्यही प्रकारले गर्नु पर्छ ।

## अध्याय चारको जाँच

१.लडाईहरु र झगडाहरु हाम्रो स्वार्थपूर्ण ....................को कारण हुन्छ ।

२.थोकहरुको लागि लडनुको सट्टा, हामीले ती थोक प्राप्तिको लागि .................गर्नु पर्दछ ।

३.तर यदि हामी आफ्नो आनन्दको लागि ती वस्तुहरु चाहन्छौ भने, तब हाम्रो उदेश्यहरु .........................हुन्छन ।

४. एउटा ख्रीष्टियान ................ले भरिएको हुनु पदैन ।

५. पक्षपातको अर्थ कसैलाई आदरसाथ व्यवहार गर्नु र कसैलाई ................व्यवहार गर्नु हो ।

६. कुनै व्यक्ति हाम्रो आदर ...............छ कि छैन भन्ने हाम्रो न्याय गर्ने स्थान होइन ।

७. मानिस जस्तै होस केही कुरा छैन, .............. भन्नु हुन्छ उ हाम्रो छिमेकी हो ।

८. हामीले पहिल्यै .................को लागि आफै सोच्नु पर्दछ ।

९.पृथ्वीको "बुद्धि" ले प्राय हामीलाई हाम्रो ............लागि मात्र हेरचाह गर्न भन्छ ।

१०.परमेश्वरको ...........................ले पूर्णतया अरुको भलाईको कामना चाहन्छ ।

११.हामीबाट परमेश्वर यो चाहनुहुन्छ कि हामी .................को अनुशरण गरौ ।


(पेज नं. ८५ मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस् ।)

पेज नं. ५४ देखि ६० सम्मका उत्तरहरु १.स्वार्थ; २.प्रार्थना; ३.आनन्द; ४.स्वार्थपूर्ण; ५.दुर्व्यवहार; ६.योग्य; ७.छिमेकी; ८.अरुहरु ; ९.आफै; १०.अरुको; ११.अनुशरण

## अध्याय पाँच

# तब त्यहाँ परमेश्वर हुनुहुन्छ

कसरी एउटा ख्रीष्टियानले उसको विश्वासलाई देखाउँछ हामीले अन्त्यमा केही अध्यायहरुमा देख्यौ । उसले जे भन्दछ र हेर्दछ त्यसप्रकार यसलाई देखाउँछ उसले पापको विरुद्ध लडाई गरेर यसलाई देखाउँछ । उसले साथीसंगको व्यवहार बाट यसलाई देखाउँछ ।



येशूले आफ्ना चेलाहरुलाई प्रार्थना गर्न सिकाउनुभयो ।

वास्तवमा जब उसले यी सबै कुरा गरिरहन्छ, उसले परमेश्वरको आज्ञा मानिरहेको हुन्छ र बाइबलले भनेको कुरा गरेको देखाई रहेको हुन्छ। यो अध्यायमा हामी विशेष रुपले एउटा ख्रीष्टियानले परमेश्वरको वरिपरि रहेर उसको विश्वास उसको कार्यद्धारा देखाएको तरिका हेर्नेछौ।

अध्यायको अन्तमा तपाई यो जान्न योग्य हुनुहुनेछ :

* परमप्रभु परमेश्वरलाई ठीक तरिकाले कसरी प्रार्थना गर्ने
* परमप्रभुको अगाडि कसरी नम्र हुने र
* परमप्रभु माथि कसरी भरोसा राख्ने

जब तपाई र परमेश्वरको बिचमा कसरी चिजहरु जान्छन भन्ने विचार गर्नु हुन्छ। सायद प्रार्थना पहिलो कुरा हो जुन तपाई सोच्नुहुन्छ। हामीलाई थाहा छ कि येशूले हाम्रा अपराधहरु हटाई दिनुभयो, जुनहरु हामी र परमेश्वरको बिचमा खडा थिए। अहिले, येशूलाई धन्यवाद होस्, हामी विश्वस्त भएर प्रार्थना गर्न सक्छौ। त्यसको अर्थ हामी निश्चित हुन्छौ कि परमेश्वरले हाम्रो प्रार्थनाहरु सुन्नु भएको छ।

यस्तो प्रकारको पूर्ण विश्वासनियता केही कुरा हो भनेर याकूब यी वचनहरुको बारेमा भन्छन :

"तर यदि तिमीहरुमध्ये कसैलाई बुद्धिको अभाव छ भने उदार- चित्तसंग नझर्की दिनुहुने परमेश्वरलाई त्यसले मागोस्, र त्यसलाई त्यो दिईनेछ। तर त्यसले कति पनि शंका नगरी विश्वाससाथ मागोस्। शंका गर्ने चाहिँ बतासले उचाल्दै पछार्दै गर्ने समुद्रका छालसमान हुनेछ। त्यस्तो मानिसले यो नसम्झोस् कि उसले प्रभुबाट केही पाउनेछ। किनकि दोहोरो मन भएको मानिस उसका सबै चाल चलनमा अस्थिर हुन्छ" (याकूब १:५-८)।

याकूबका केही विवरणहरु यहाँ विचारणीय छन। सर्वप्रथम हेर्नुहोस्, हामीले केको लागि प्रार्थना गर्नु पर्छ भन्छन। उनी भन्छन हामीले बुद्धिको लागि प्रार्थना गर्नु पर्छ। अन्तिम अध्यायमा, हामीले परमेश्वरको बुद्धि के हो भनेर सिक्यौ। यो एक प्रकारको बुद्धि हो जसले हामीले अरुहरुलाई हाम्रो भन्दा पहिले राख्न अगुवाइ गर्छ र येशूको अनुशरण गर्न लगाउँछ। त्यस्तो प्रकारको निस्वार्थ प्रार्थना परमेश्वर सुन्न मन पराउनु हुन्छ। परमेश्वर हामीलाई येशू जस्तै भएको र आफू भन्दा अरुलाई अगाडि राखेको चाहनु हुन्छ।

दोस्रो कुरा परमेश्वरको उदारताको बारेमा याकूब हामीलाई स्मरण गराउँदछन। उहाँ त्यस्तो प्रकारको प्रार्थनाहरुक उत्तर दिन प्रसन्न हुनुहुन्छ। हामीमा कुनै शंका हुनु हुँदैन तर परमेश्वरले हाम्रो प्रार्थनाहरुको उत्तर दिनु हुनेछ भनेर विश्वस्त हुनु पर्छ।

वास्तवमा, हाम्रो प्रार्थनाहरुमा शंकाहरु समावेश हुनु हुँदैन । कहिले काही मानिसहरु प्रार्थना गर्ने तरिका त्यस्तो हो भनेर विचार गर्छन । तिनीहरु यस प्रकार भन्ने गर्लान, " परमेश्वर, यदि परमेश्वर हुनुहुन्छ भने, यदि तपाई मेरो कुरा सुनिरहनु भएको छ भने..........." यस्तो प्रकारको प्रार्थना हुनु हुँदैन, हुनु पर्छ र ?

वास्तवमा, यदि कुनै व्यक्ति आएर तपाईसंग जस्तो त्यो व्यक्तिले परमेश्वरसंग प्रार्थना गर्छ त्यस्तै प्रकारले तपाईलाई केही कुरा माग्छ भने तपाई कस्तो महशुस गर्नु हुन्थ्यो ? उ भन्छ यदि तपाई वास्तविक हो भने, यदि तपाईले साँच्चै सुन्नुभयो भने, यदि तपाईले मलाई तपाईले भने जस्तै सहायता गर्नु भयो जो तपाई सक्नु हुन्छ ? जसले तपाईलाई साँच्चै भरोसा गर्दैन उसलाई सहायता गर्न तपाई उसको पक्षमा हुनुहुन्छ ?परमेश्वरले पनि भन्नुहुन्छ शंका सहित गरिएको प्रार्थनाको उत्तरहरु उसलाई दिईनेछैन ।

१.येशूलाई धन्यवाद होस् कि हामी........................साथ प्रार्थना गर्न सक्छौ ।

२.हामी येशू जस्तै हुनलाई प्रार्थना गर्नु पर्छ र आफू भन्दा पहिले .....................राख्नु पर्दछ ।

३.हाम्रो प्रार्थनाहरुमा ..............................समावेश हुनु हुँदैन ।

(पेज नं. ७९ मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस् ।)

याकूब भन्छन विश्वास साथ गरिएका प्रार्थनाहरुको उत्तर दिईनेछ । बितेको समयमा परमेश्वरले त्यस्तै गर्नु भएको छ । "धार्मिक मानिसको प्रार्थना शाक्तिशाली र प्रभावशाली हुन्छ । एलिया पनि त हामीहरुको जस्तै स्वभाव भएका मानिस थिए । तिनले पानी नपरोस् भनेर भक्तिसाथ प्रार्थना गरेका थिए, र तीन वर्ष छ महीना सम्म पृथ्वीमा पानी परेन । तिनले फेरि प्रार्थना गरे, र आकाशबाट वर्षा भयो, र भूमिले उब्जनी दियौ" (याकूब ५:१६-१८) ।

(तपाई सोध्न सक्नु हुनेछ । "एलियाले किन पानी परेको चाहेन ?" एलिया, पूरानो करारको समयमा परमेश्वरका अगमवक्ता थिए, उनी मानिसहरुलाई झूटा देवी देवताको पूजा गरेर हुने पाप बाट टाढा रहन भन्ने कोशिस गरिरहेका थिए । त्यो झूटो देवता वर्षाको देवता थियो, र एलियाले सोचे कि यदि धेरै वर्ष सम्म तिनीहरुले वर्षा पाएन भने ती मानिसहरुले वर्षाको देव झूटा देव हो भनेर जान्नेछन । एलियाको योजना साकार भयो । अन्तमा मानिसहरुले झूटा देवी देवताहरुलाई पूज्न छोडे ।)

त्यो ठूलो अनुरोध थियो, थिएन र ? "प्रिय परमेश्वर, कृपया तीन वर्ष सम्म वर्षा नदिनुहोस् !" र तब तीन वर्ष पछि अन्तमा, "प्रिय परमेश्वर कृपया अहिले फेरि वर्षा दिनुहोस" तर परमेश्वरले प्रार्थना सुन्नुभयो र उत्तर दिनुभयो । एलियाले जे माग्यो सो परमेश्वरले दिनुभयो किन ? "धार्मिक मानिसको प्रार्थना शाक्तिशाली र प्रभावशाली

हुन्छ" (याकूब ५:१६) । एलियाको परमेश्वर माथि विश्वास थियो । उनी जान्दथे कि जे को लागि उनले प्रार्थना गरिरहेका थिए अरुको भलाईको लागि हुने थियो (झूटा देवी देवताबाट तिनीहरु छुटाउन बोलाईरहेका छन) । र त्यसकारण, जब उनले प्रार्थना गरे, थाहा पाए कि परमेश्वर उनको प्रार्थनाको उत्तर दिनु हुनेछ ।

त्यो एक प्रकारको प्रार्थना हो परमेश्वर सुन्न चाहनु हुन्छ : एक आत्मा विश्वास साथ । तपाईका पापको लागि येशू मर्नु भएको के तपाई विश्वास गर्नु हुन्छ ? के तपाई विश्वास गर्नु हुन्छ जे तपाई माग्नु हुन्छ त्यो परमेश्वरले गर्न सक्नु हुन्छ भनेर ? के तपाई त्यस प्रकारको कुरा मागिरहनु भएको छ कि जुन कुरा निस्वार्थ र भलाईका लागि छन भनेर परमेश्वरले पत्ता लगाउनु भएको छ ? त्यसो भए प्रार्थना गर्नुहोस् ।

निश्चय नै एलियाले पाएको जस्तै असाधरण सफलता नपाउने सक्नुहोला । एउटा झ्यालखानमा बसेको मानिसले प्रार्थना गर्न सक्छ, "हे प्रभु मलाई यो कैदबाट संसारिक छुटकारा दिनुहोस् । यसो भयो भने मेरो परिवारलाई सहायता हुनेछ ।" परमेश्वरको उत्तर उसलाई केही समय अझ बस्नु पर्ने हुनसक्छ, तर त्यो मानिस र उसको परिवारलाई धैर्य धारण उत्साहमा पर्खन शक्ति प्रदान गर्नु हुनेछ । प्रार्थना प्रभावकारी हुन्छ यो होइन र ? परमेश्वरले मानिसहरुलाई चाहिने आवश्यक कुरा प्रदान गर्नु हुन्छ र,

यद्यपि उसलाई यो थाहा नहुन सक्छ, वास्तवमा उसले के चाहन्छ : किनकि हरेकले धैर्यता साथ पर्खनु पर्छ प्रभुले तिनीहरुलाई सहायता गर्नु हुन्छ ।

४.........................साथ चढाइएका प्रार्थनाहरुको उत्तर दिइनेछ ।

५..........................प्रकारको प्रार्थना परमेश्वरले सुन्न चाहनु हुन्छ ।

६.एउटा व्यक्तिलाई वास्तवमा जे ..........................छ परमेश्वरले प्रदान गर्नु हुन्छ ।

(पेज नं. ७९ मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस् ।)

यस्तो प्रकारको धैर्यता परमेश्वरमा विश्वास देखाउने अर्को तरिका हो । मानिसहरु प्राय गरेर केही नराम्रो कुराहरु बाट पीडित छन । कहिले काँही बिरामीपना एउटा ख्रीष्टियानको लागि परीक्षाको बाटो हुन्छ । हेर याकूब भन्छन कि भलाईको लागि त्यो प्रभुमा उसको कारण हुन्छ ।

“मेरा भाइ हो, तिमीहरु माथि विभिन्न किसिमका आपत-विपत आइपर्दा तिनलाई पूरा आनन्दको कुरा सम्झ । किनकि तिमीहरु जान्दछौ तिमीहरुका विश्वासको जाँचले धैर्य उत्पन्न गराउँछ । धैर्यलाई त्यसको पूरा काम गर्न देओ, ताकि तिमीहरुमा कुनै कुराको अभाव नभएर तिमीहरु परिपक्व र पूर्ण होओ ।” (याकूब १:२-४)

जब नराम्रो कुरा भइरहेका हुन्छन तब कसरी तपाई खुशी हुन सक्नुहुन्छ ? जब तपाई बिरामी, गरिबी अथवा नैराश्यतामा हुनुहुन्छ तब कसरी खुशी हुनसक्नु हुन्छ । तपाई खुशी हुनसक्नु हुन्छ किनभने परमेश्वर ती कुराहरुबाट असल कुरा ल्याउन गईरहनु भएको छ । एक अर्को बाइबलको खण्डमा परमेश्वरले प्रतिज्ञा गर्नु भएको छ, “हामी जान्दछौं, उहाँलाई प्रेम गर्नेहरु र उहाँका अभिप्राय अनुसार बोलाइएकाहरुका निम्ति हरेक कुरामा परमेश्वरले हरेक कुरामा भलाइ नै गर्नु हुन्छ” (रोमी ८:२८) । र उहाँले भलाइ ल्याउनु हुनेछ यो त्यो हो कि हामी सहनशिलताको पाठ सिक्छौं । हामी खराब कुराहरु बाट अलग हुनसक्छौं । जब एउटा कमजोर व्यक्तिले “हो, परमेश्वरले मलाई कहिले पनि सहायता गर्नु भएन” भनेर भन्दछ हाम्रो विश्वास अन्त भइरहेको हुन्छ ।

निश्चय नै, यो तपाईलाई सहज छैन तर अरु कसरी परमेश्वर तपाईको विश्वासलाई बनाई राख्नु हुन्छ ? यदि तपाई आफ्नो मांसपेशीहरुलाई बलियो पारिरहनु भएको छ भने यो तपाई कसरी गर्नु हुन्थ्यो ? शारीरिक अभ्यासद्धारा, तपाई त्यसलाई कठिनसित प्रयोग गरेर त्यो गर्नु हुन्थ्यो । एक क्वीन्टल भार उचाल्नु सजिलो छैन । तपाईले यो उचाल्दा तपाईको मांसपेशीहरु दुख्न थाल्छन । तपाई दुख महसुस गर्नु हुन्छ । तर तपाई खुशी महसुस गर्नु हुन्छ, किनकि तपाईलाई थाहा छ तपाईका मांसपेशीहरु बलिया भइरहेछन ।



योसेफलाई उसका दाजुहरुले बेचिदिए ।

परमेश्वर हाम्रो विश्वासको निर्माण पनि त्यही तरिकाले गर्नुहुन्छ : हामीलाई त्यसको प्रयोग गर्ने बनाएर । उहाँले हामीमा कुनै कुरा हुन दिनुहुन्छ कि त्यसले हामीलाई उहाँमाथि भर पर्ने केवल उहाँमाथि भर पर्ने बनाउँछ । जब हामी त्यसो गर्छौं, जब अरु कुनै कुरा हुन्छ ज्यादा उहाँमाथि भर पर्ने हुनेछौ ।

यसकारण याकूब लेख्छन, "यसकारण भाइ हो, प्रभुको आगमन नहोउञ्जेल धैर्य धारण गर । हेर, भूमिको बहुमूल्य फसलको आशा राखेर किसानले अगिल्लो र पछिल्लो वर्षा नहोउञ्जेल धैर्य धारण गरेर पार्खिरहन्छ । तिमीहरुले पनि धैर्य धारण गर । आफ्नो हृदयलाई स्थिर गराओ किनकि प्रभुको आगमन नजीकै छ" (याकूब ५:७,८) ।

आशा नछोडनुहोस् । हरसमय प्रभु तपाईलाई छिट्टै सहायता गर्न यहाँ हुनुहुनेछ, किसानले वर्षाको लागि धैर्य धारण गर्छन किनभने तिनीहरुलाई वर्षा हुनेछ भने विश्वास हुन्छ । त्यसैले हामी प्रभुलाई पर्खन सक्छौ, जस्तो कि उहाँ हामीलाई सहायता गर्न आउनु हुनेछ भन्ने थाहा छ, ठीक त्यस्तै हामीलाई थाहा छ फेरि न्यायको दिनमा येशू हामीलाई स्वर्गमा लैजान आउनु हुनेछ । स्वर्गमा कुनै दुख पीडा हुनेछैन ।

७.परमेश्वरमा तपाईको विश्वास देखाउने अर्को तरिका......................हो ।

८.परमेश्वरले यसको प्रयोगद्वारा हाम्रो........................निर्माण गर्नु हुन्छ ।

९.हामीले कहिल्यै पनि ......................छोडनु हुँदैन, किनभने प्रभुले उहाँको असल समयमा हामीलाई सहायता गर्नु हुनेछ ।

(पेज नं. ७९ मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस् ।)

यद्यपि अगाडि बढन त्यहाँ कुनै प्रकारको परीक्षा छैन, हामी जसरी विचार गर्छौं यसले परमेश्वरमा भएको विश्वास देखाउँछ । उदाहरणको लागि :

"आज वा भोलि हामी फलानो शहरमा जाऔंला, त्यहाँ एक वर्ष बिताऔंला र व्यापार गरेर नाफा गरौंला" भन्नेहरु अब सुन, भोलि के हुने हो तिमीहरु जान्दैनौ । तिम्रो जिन्दगी के छ ? तिमीहरु त तुवाँलो हो, जो केही बेरको निम्ति देखा पर्छ, अनि हराइहाल्छ । यसको सट्टामा त तिमीहरुले यसो भन्नु पर्ने, "यदि परमेश्वरको इच्छा भयो भने हामी बाँचौंला र यस्तो-उस्तो गरौंला ।" तर अहिले तिमीहरु आ-आफ्ना शेखीमा धाक लाउँछौ । यस्तो सबै शेखी खराब हो । यसकारण जसले भलाइ गर्न जानेर पनि गर्दैन त्यसले पाप गर्छ । (याकूब ४:१३-१७)

जब परमेश्वरमा हाम्रो विश्वास जति हुनु पर्ने हो त्यति बलियो छ, हामीसंग पूर्ण समय परमेश्वरको बारेमा विचार गर्न थाल्नेछौ । यहाँ सम्म कि जब हामी हाम्रो भविष्यको लागि योजना बनाई रहन्छौ, हामी जे आउनेछ सो कुरामा परमेश्वरसंग अन्तिम वचन छ भनेर बिर्सिदैनौ ।

भोलिको लागि अथवा अर्को महिनाको लागि, अथवा दुई वर्षको लागि तपाईको के योजना छ ? धेरै मानिसहरुले तिनीहरुको भविष्य तिनीहरुकै नियन्त्रणमा भए झै यस्तै योजनाहरु बनाउँछन । खीष्टियानहरु राम्रोसंग जान्दछन । हामी यो धर्तीमा केही वर्षहरुको लागि मात्रै छौ र हामीसंग भविष्यको स्वरुप बदल्ने शक्ति छैन (बिहानीको तुवाँलोले कति समय सम्म घुमिरहने अथवा झुण्डिरहने भनेर आफै निर्णय गर्न सक्दैन) ।

बाइबलका लेखकहरु मध्ये एकजना भन्छन, “मेरा समय तपाईकै हातमा छन” (भजनसंग्रह ३१:१५) । हामीलाई थाहा छ कि परमेश्वरले सबै घटनाहरुलाई नियन्त्रण गर्नु हुन्छ । हामी हाम्रो योजनाहरु बनाउँछौ, तर हामीले यो याद गर्नु पर्छ परमेश्वरसंग नै अन्तिम शब्द छन । हुनसक्छ उहाँको मञ्जुरी हुनेछ, र तब हामी त्यो शहरमा जाऔला र एक वर्ष बसेर केही धन ल्याउला । उहाँसंग अर्को योजना पनि हुनसक्छ । यदि हामीले हाम्रो भविष्यको योजनाको बारेमा घमण्ड गर्‍यो, तब हामी घमण्डी भइरहेका छौ । तर यदि हामी हाम्रो योजनाहरु बनाउँछौ, र उहाँमा प्रत्येक कुरा

थाहा पाउन दियौ कि परमेश्वर बाट नै अन्तिम स्वीकृति हुन्छ । हामी उहाँमा एउटा बलियो विश्वास देखाइ रहेका हुन्छौ ।

१०.जब हामी हाम्रो भविष्यको योजना बनाउँछौ, हामीले यो भूल्नु हुँदैन कि परमेश्वरसंग .......................शब्द छन भनेर ।

११.हामी यो जान्दछौ कि जे घटनेछ परमेश्वरले त्यसलाई .......................गर्नु हुन्छ ।

१२.जब हामीले प्रत्येकलाई यो जान्न दियौ कि परमेश्वरसंग अन्तिम शब्द छ, हामी उहाँमा हाम्रो बलियो...................देखाईरहेछौ ।

(पेज नं. ७९ मा तपाईका उत्तरहरु जाँच्नुहोस् ।)

## अध्याय पाँचको पुनरावलोकन

परमेश्वरसंग हामीले विश्वसनियता साथ प्रार्थना गर्नु पर्दछ । हामीलाई थाहा छ कि उहाँले हाम्रो प्रार्थनाहरुको उत्तर दिनु हुनेछ, हामीले निस्वार्थी भएर प्रार्थना गर्नु पर्दछ । त्यस्तो प्रकारको कुरा उहाँले हामीलाई दिन चाहनु हुन्छ - जस्तै निस्वार्थी हुने वरदान !) । हामीलाई थाहा छ उहाँले हाम्रो प्रार्थनाहरुको उत्तर दिनु हुनेछ, किनभने येशू हाम्रा पापहरुका लागि मर्नुभयो, र परमेश्वरले हाम्रो प्रार्थना सुन्नको लागि प्रतिज्ञा गर्नु भएको छ । कहिले काँही उहाँले हामीलाई हाम्रो उत्तरको लागि पर्खर्ने बनाउनु हुन्छ, र त्यही बेला नै खराब समयमा कष्ट भोग्छौ । तर हामीलाई थाहा छ त्यो खराब समय उहाँले हाम्रो विश्वासलाई बलियो पार्न प्रयोग गरिरहेको हुन्छ । उहाँले हामीलाई उहाँमाथि भर पर्न कर लगाई रहनुहुन्छ, र त्यसपछि भविष्यमा हामी अझ बढी सबै कुरामा उहाँमाथि भर पर्न तयार हुन्छौ । बरु जब हामी कुनै दुख कष्टमा हुँदैनौ, यस्तो बिचमा हाम्रो यस किसिमको विश्वासले हामीलाई भविष्यको बारेमा विचार गरेको देखाउँछ । हामी हाम्रो योजनाहरु बनाउन सक्छौ, तर हामीले यो सधैं याद गर्नु पर्छ कि सबै कुरा माथि परमेश्वरको अनुमति हुन्छ । बरु हामी त्यसको बारेमा कुनै उजुरी दिन सक्दैनौ । हाम्रो विश्वास बलियो छ ताकि हामी परमेश्वरमा भरोसा राख्छौ जो हाम्रो जीवनसंग हरेक कुरा छन ।

## अध्याय पाँचको जाँच

१.हामी विश्वस्त भएर प्रार्थना गर्न सक्छौ, यसको लागि ........................लाई धन्यवाद होस् ।

२.हामीले येशू जस्तै हुनलाई प्रार्थना गर्नु पर्छ र आफू भन्दा .....................लाई अगाडि राख्नु पर्छ ।

३.हाम्रो प्रार्थनाहरुसंग ..........................समावेश छैनन् ।

४...............................साथ चढाइएका प्रार्थनाहरुको उत्तर मिल्नेछ ।

५...........................प्रकारको प्रार्थना परमेश्वरले सुन्न चाहनु हुन्छ ।

६.एउटा व्यक्तिलाई वास्तवमा जे ...........................छ परमेश्वरले प्रदान गर्नु हुन्छ ।

७.परमेश्वरमा तपाईको विश्वास देखाउने अर्को तरिका.......................हो ।

८.परमेश्वरले यसको प्रयोगद्वारा हाम्रो.........................निर्माण गर्नु हुन्छ ।

९.हामीले कहिल्यै पनि ........................छोडनु हुँदैन, किनभने प्रभुले उहाँको असल समयमा हामीलाई सहायता गर्नु हुनेछ ।

१०. जब हामी हाम्रो भविष्यको योजना बनाउँछौ, हामीले यो भूल्नु हुँदैन कि परमेश्वरसंग ......................शब्द छन भनेर ।

११. हामी यो जान्दछौ कि जे घटनेछ परमेश्वरले त्यसलाई ......................गर्नु हुन्छ ।

१२. जब हामीले प्रत्येकलाई यो जान्न दियौ कि परमेश्वरसंग अन्तिम शब्द छ, हामी उहाँमा हाम्रो बलियो..................देखाईरहेछौ ।

(पेज नं. ८५ मा हेरेर तपाईका उत्तरहरु जाँच्नुहोस् ।)

पेज नं. ६७ ७० ७४ देखि ७६सम्मका उत्तरहरु
१.विश्वसनियता; २.अरुहरुको; ३.शंकाहरु; ४.विश्वास; ५.विश्वस्त; ६.आवश्यकता; ७.धैयता; ८.विश्वास; ९.आशा; १०.अन्तिम; ११.नियन्त्रण; १२.विश्वास

# शब्दावली

**दुर्व्यसनी** - आफूलाई कुनै कुरामा समावेश गर्नु जस्तै लागू औषध, मद्यपान ।

**प्रेरित** - येशूद्धारा बोलाईएका व्यक्ति चेला ।

**स्वीकृति** - मञ्जुरी गर्नु कुनै असल काम गर्न मञ्जुरी हुनु ।

**बानी व्यवहार** - सोचाई र भावनालाई देखाउने बाटो, व्यवहारमा देखिनु

**त्याग्नु** - केही कुराहरुलाई छोड्नु

**टुक्रा, लगाम** - एउटा धातुको मुखमा हाल्ने टुक्रा जसले जनावरलाई नियन्त्रण गर्छ ।

**अभिमान** - उसले जे गरेको छ घमण्ड साथ भन्नु ।

**चुनौती** - कसैलाई केही कुरा गर्न भन्नु ।

**उजुरी** - केही कुराको बारेमा अप्रसन्न हुनु ।

**अशुद्धता** -फोहरी

**विश्वस्त** -पूरा भरोसा गर्नु ।

**नियन्त्रण गर्नु** -केही कुरा अधीनमा राख्नु ।

**आलोचक** -एउटा व्यक्ति जसले कुनै कुरामा असल वा खराब पाउँछ।

**लगाम** -रोक्नु, खिच्नु

**सराप्नु** -परमेश्वरको नाउँलाई दुरुपयोग गर्नु।

**भरपर्नु** -भरोसा गर्नु।

**नैराश्यता** -दुखित भएको, निरुत्साहित।

**शंका** -केही कुरामा निश्चित नहुनु।

**प्रभाव** -असल परिमाण दिनु।

**सहनु, भोग्नु** -धैर्य धारण गर्नु।

**ईर्ष्या, डाह** -अर्का प्रति पापपूर्ण विचार राखेर हेर्नु।

**हटाउनु** -मेटाउनु।

**दोष** -कमजोरी अथवा गल्ती।

**पक्षपात** -कृपा गर्नु, समर्थन गर्नु।

**उदारता** -दया देखाउनु, सहायता गर्न तत्पर रहनु।

**समलिङ्गी** -एउटै लिङ्गी प्रति आकर्षित हुनु।

**विनम्र** -घमण्ड नहुनु, दीन अवस्थामा हुनु।

**नक्कल** -अनुशरण गर्नु।

**राय** -विचार, अथवा कुनै व्यक्ति या थोकको महशुस हुनु ।

**सुधार** -बनाउनु, असल बनाउनु ।

**आकर्षण** -कुनै कुरालाई हेर्न लायक बनाउनु ।

**उदेश्य** -केही कुरा गर्नेको कारण ।

**अवसर** -केही कुरा गर्न असल समय ।

**प्रशस्त** -धेरै, ठूलो परिमाण

**सिद्ध गर्नु** -कुनै कुरा सत्य हो भनि देखाउनु ।

**मित्रता** -सम्बन्ध राख्नु ।

**भरोसा राख्नु** -भरपर्नु, कसै माथि ।

**अनुरोध** -केही कुराको लागि भन्नु ।

**आदर** -सम्मान गर्नु, इज्जत गर्नु ।

**नष्ट हुनु** -प्रकृतिको कारण सडेर जानु ।

**पतवार, दाप्लो** -धातु वा काठको फराकिलो टुक्रा ।

**स्वार्थी** -आफ्नै लागि मात्र काम गर्ने ।

**चलाउनु** -मार्ग नियन्त्रण गर्नु ।

**कसम, किरिया खानु** -परमेश्वरको नामलाई गलत तरिकाले प्रयोग गर्नु ।

**परीक्षा** -जाँच, दुःख कष्ट ।

**टन** -९०० किलो ग्राम

**कुरुप** -हेर्नमा नराम्रो ।

**अनियन्त्रित** -वशमा राख्न नसक्ने ।

# अध्याय जाँचको उत्तरहरु

## अध्याय एकको जाँच

१.गर्नु; २.मृतक; ३.कार्य; ४.विश्वास; ५.येशू; ६.कार्य; ७.ख्रीष्टियान; ८.येशू; ९.चाहनु; १०.गर्नु; ११.विश्वास

## अध्याय दुईको जाँच

१.पाप गरेको; २.खराब; ३.हेर्नमा असल; ४.तपाईको; ५.व्यवस्था; ६.बाइबल; ७.पढनु; ८.पाप; ९.सजिलो; १०.नरक; ११.पालो

## अध्याय तीनको जाँच

१.जिब्रो; २.अभिमान; ३.जिब्रो; ४.नियन्त्रण; ५.नष्ट; ६.विश्वास; ७.सराप्तछौ; ८.स्वरुप; ९.मानिसहरुलाई; १०.मुहान; ११.प्रशंसा; १२.परमेश्वर

## अध्याय चारको जाँच

१.इच्छा; २.प्रार्थना; ३.स्वार्थी; ४.स्वार्थीपना; ५.आदर; ६.आदर; ७.परमेश्वर; ८.आफै; ९.आफै; १०.बुद्धि (ज्ञान); ११.येशू

## अध्याय पाँचको जाँच

१.येशू; २.अरुहरुको; ३.शंकाहरु; ४.विश्वस्तता (अथवा विश्वास); ५.विश्वस्त; ६.आवश्यताहरु; ७.धैर्यता; ८.विश्वास; ९.आशा; १०.अन्तिम; ११.नियन्त्रण गर्नु; १२.विश्वास

# अन्तिम जाँच

बधाई छ ! तपाईले तपाईको जीवित विश्वास कसरी देखाउने भन्ने पुस्तक अध्ययन पूरा गर्नु भएको छ । एक पटक फेरि पुस्तकलाई हेर्नुहोस्, अनि कुनै अध्यायको जाँचमा कुनै गल्ति भएको छ छैन जाँच गर्नुहोस् । साथै प्रत्येक अध्यायको उदेश्य माथि विचार गर्नुहोस्, । जब तपाईलाई सबै उदेश्यहरु जान्दछु भन्ने लाग्दछ तब तपाई अन्तिम जाँच दिन सक्नु हुनेछ ।

अन्तिम जाँचलाई पुस्तक नहेरेर पूरा गर्नुहोस् । जब तपाईले यो पूरा गर्नुहुन्छ । तपाईलाई पुस्तक उपलब्ध गराउने व्यक्तिलाई वा पुस्तकको पछाडि भएको ठेगानामा पठाउनुहोस् । तपाईले यस श्रृखलाको अरु बाइबल अध्ययन पुस्तकहरु मगाएर पढन सक्नुहुन्छ ।

यदि तपाई तयार हुनुहुन्छ भने, अन्तिम जाँचलाई पुस्तकबाट अलस गर्नुहोस् र पुस्तकलाई राख्नुहोस् । पुस्तक नहेरी जाँच दिनुहोस् ।

# अन्तिम जाँच एउटा जीवित विश्वास

१. याकूब भन्छन तपाईसँग विश्वास छ भन्नु र कुनै पनि...........नगर्ने कुराले असल गर्दैन ।

२. यदि यसले तपाईलाई असल कार्य गर्ने बनाउदैन भने विश्वास आफैमा......................हो ।

३. एउटा ईसाइले आफूले गरेको............कार्यद्वारा आफ्नो विश्वास देखाउँछ ।

४. बाइबलमा.................को कथाको बारेमा जान्नु भन्दा पनि विश्वास बढी हो ।

५. बचाउने विश्वासले तपाईलाई एउटा .................... कार्य गर्नु पर्ने कार्य लगाउँछ ।

६. यदि तपाई एउटा...............हुँ भन्नुहुन्छ तर तपाई असल कार्य गर्ने कोशिश गरिरहनु भएको छैन, तपाई आफैलाई मूर्ख तुल्याइरहनु भएको छ ।

७. हामीमा बचाइने विश्वास भए पछि, यसले हामीलाई असल कुरा ................बनाउँछ

८. जति बलियो मेरो विश्वास हुन्छ, त्यसको कारण त्यति नै बढी असल कुरा मैले..............छु ।

९.यदि कसैले भन्छ म सँग विश्वास छ, तर उसले असल गर्ने चाहना कहिल्यै पनि राख्दैन, उसको विश्वास.................छ ।

१०. याकूब भन्छन कि जब हामी आफ्नै खराब............द्वारा डोर्‍याएर पाप गर्छौं ।

११. मानिसहरु पाप गर्छन कारण तिनीहरुलाई पापहरु...............लाग्छन ।

१२. परमेश्वरको व्यवस्थामा हेर्नु एउटा ............. मा हेरे जस्तै हो ।

१३. परमेश्वरले के भन्नु भएको छ त्यो पढनु मात्रै हुन्न; तपाईले उहाँको ...............गर्ने कोशिस गर्नु पर्छ ।

१४. हामीले यो सबै गर्नको लागि अरु व्यक्तिको सहायता गर्नु पर्छ जुनहरु यस्तो............... मा फसेका छन ।

१५. परमेश्वर कसैलाई पनि तिनीहरुको पापहरुमा ...........र नरकमा गएको चाहनुहुन्न ।

१६. जिब्रोले तपाईको सम्पूर्ण .............दुषित पार्न सक्छ ।

१७. यदि हामीले हाम्रो जिब्रोलाई वशमा राखेनौ भने, मानिसहरु हाम्रो विश्वासको बारेमा ....................... भएको सोच्ने छैनन् अर्थात विचार गर्ने छैनन् ।

१८. यदि परमेश्वर प्रशंसाको योग्य हुनु हुन्छ भने, तब मानिसहरु उहाँको स्वरुपमा सृजिएकाछन, तिनीहरु ................योग्यका छन ।

१९. यदि तपाई यसै प्रकारले मानिसहरुलाई सराप्दै हुनुहुन्छ तपाई ...............लाई सराप्दै हुनुहुन्छ ।

२०. तपाई आफ्नो साथीलाई सराप्न सक्नुहुन्न र त्यसपछि तपाई विचार गर्नुहोस् तपाईको मुख परमेश्वरको प्रशंसा गर्नको लागि पर्याप्त................ छ ।

२१.लडाई र झगडाहरु हाम्रो आफ्नै .....................इच्छाको कारण हो ।

२२.पक्षपातको अर्थ कसैलाई आदर साथ व्यवहार गर्नु र कसैलाई ................व्यवहार गर्नु हो ।

२३. कुनै व्यक्ति हाम्रो आदर ...............छ कि छैन भन्ने हाम्रो न्याय गर्ने स्थान होइन ।

२४.मानिस जस्तो सुकै होस्, केही कुरा छैन, परमेश्वर भन्नु हुन्छ उ हाम्रो .................... हो ।

२५. हामीले पहिल्यै ..................को लागि आफै सोच्नु पर्दछ ।

२६.येशूलाई धन्यवाद होस्, हामी विश्वसनियता साथ ......................गर्न सक्छौ ।

२७. हामीले येशू जस्तै हुनलाई प्रार्थना गर्नु पर्छ र आफू भन्दा ....................लाई अगाडि राख्नु पर्छ ।

२८.हाम्रो प्रार्थनामा...................हुनु हुँदैन ।

२९...............................साथ चढाइएका प्रार्थनाहरुको उत्तर मिल्नेछ ।

३०. परमेश्वरमा तपाईको विश्वास देखाउने अर्को तरिका.......................हो ।

३१. परमेश्वरले यसको प्रयोगद्वारा हाम्रो........................निर्माण गर्नु हुन्छ ।

३२. हामीले कहिल्यै पनि .......................छोडनु हुँदैन, किनभने प्रभुले उहाँको असल समयमा हामीलाई सहायता गर्नु हुनेछ

३३. जब हामी हाम्रो भविष्यको योजना बनाउँछौ, हामीले यो भूल्नु हुँदैन कि परमेश्वरसंग ......................शब्द छन भनेर ।

३४. जब हामीले प्रत्येकलाई यो जान्न दियौ कि परमेश्वरसंग अन्तिम शब्द छ, हामी उहाँमा हाम्रो बलियो..................देखाईरहेछौ ।

कृपया खाली ठाउँमा निम्न जानकारीहरु लेख्नुहोस् :

नाम..........................................................

ठेगाना........................................................

कृपया यस पुस्तकको बारेमा तपाईको प्रतिकृया लेख्नुहोस् :

..............................................................

..............................................................

..............................................................

..............................................................

..............................................................

..............................................................

..............................................................

Multi-Language Productions
Bringing the Word to the World

**A Living Faith-Nepali**
**Bible Teachings Series**
**MLP Catalog Number: 385161**